लैङ्गिक हिंसा विरुद्ध कानुनहरूको सङ्गालो

२०७६

UKaid
from the British people

VSO

international alert

महिला, कानून र विकास मञ्च २०५२
FWLD
अविभेद र समानताको लागि कार्यरत

लैङ्गिक हिंसाविरुद्ध कानुनहरूको सङ्गालो

विषय सूची

अवधारणा १

नेपालको संविधान ३

मुलुकी अपराध संहिता, २०७४ ..... ७

मुलुकी देवानी संहिता, २०७४ ..... २७

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ..... ३५

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ ..... ४५

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ..... ५१

घरेलु हिंसा (कसूर र सजाय) नियमावली २०६७ ..... ६०

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ..... ६७

बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ ..... ७५

अपराध पीडित संरक्षण ऐन, २०७५ ..... ८३

अवधारणा

लैङ्गिक हिंसा समानता, विकास र शान्तिको बाधक हो। लैङ्गिक हिंसा विश्वव्यापी समस्याको रुपमा रहेको छ। यसले महिलाको जीवन, उनीहरूको परिवार र समाजमाथि नै भयानक प्रभाव पारिरहेको छ।

लैङ्गिक हिंसालाई विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा विभिन्न पक्षबाट परिभाषित गरेको पाइन्छ। जसमध्ये केही परिभाषाहरु निम्न प्रकारका रहेका छन् :

महिलाविरुद्ध भेदभाव उन्मूलन समितिको सिफारिस नं. १९

लैङ्गिक हिंसा भनेको महिला विरुद्ध भेदभावकै एक स्वरुप हो । यसले महिलालाई स्वतचन्त्रता र अधिकारको उपभोग गर्नबाट वञ्चित गर्दछ । लैङ्गिक हिंसा भन्नाले महिलाविरुद्ध लक्षित त्यस्तो हिंसा हो, जो उनी महिला भएकै कारणले गरिएको हुन्छ वा जसले महिलालाई असमान असर गर्दछ ।[१] त्यस्ता कार्यहरु अन्तर्गत महिलालाई शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने साथै त्यस्ता कार्य गर्ने धम्की, दवाव र स्वतन्त्रतामा बन्देज लगाउने कार्यहरु पर्दछ ।

संयुक्त राष्ट्र संघीय महिला विरुद्ध हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र

महिलविरुद्ध हिंसा भन्नाले सार्वजनिक वा निजी जिवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना रास्दछ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दवाव र स्वेच्छाचारी रुपमा महिलाको स्वातन्त्रतामा बन्देज लगाउँछ ।[२]

१. महिलाविरूद्ध भेदभाव उन्मूलन समितिको सिफारिस नं. १९ (२९/०१/९२), ११औं सत्र, १९९२
२. धारा १, संयुक्त राष्ट्र संघीय महिला विरूद्ध हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र (४८/१०४), १९९३

अन्तर्निकाय स्थायी समितिको निर्देशिका

लैङ्गिक हिंसा भनेको त्यस्तो साझा शब्द हो जसले कुनै व्यक्तिको इच्छाविरुद्ध पीडा पुऱ्याउने कुनै पनि कार्यलाई बुझाउँदछ, जुन महिला र पुरुषबीचको सामाजिक मूल्य मान्यता (जेन्डर) मा आधारित हुन्छ ।[3]

लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना

लैङ्गिक हिंसामा महिलाहरुले विभिन्न प्रकारका हिंसाजन्य कार्य एवं दुर्व्यवहारको अनुभव गरेका हुन्छन् र पीडकका रुपमा मुख्यतया पुरुषहरु नै हुने गर्दछन् । यस्ता हिंसाजन्य कार्य एवं दुर्व्यवहारका विभिन्न स्वरुपहरु हुन्छन् जस्तैः हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार एवं वैवाहिक बलात्कार, जर्बजस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई हानी हुने परम्परागत प्रलचनहरु, श्रीमान वा श्रीमानका नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, शैक्षिक संस्था वा अन्य क्षेत्रमा काम गर्ने सिलसिलामा गरिने यौन दुर्व्यवहार, महिला बेचबिखन एवं जबर्जस्ती रुपमा गरिने देह व्यापार आदि । लैङ्गिक हिंसाले पुरुषहरुविरुद्धको हिंसालाई पनि जनाउने भए तापनि नेपालको वास्तविकतालाई मनन् गर्दा नियन्त्रण एवं सम्बोधनका प्रयासहरुमा महिला र बालिकालाई नै जोड दिइएको छ ।[4]

नेपालमा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी कानुनी व्यवस्थाहरू विभिन्न कानुनको रुपमा छरिएर रहेका छन्। अन्तरिम संविधान, मुलुकी ऐन, विभिन्न अन्य ऐनहरू, विशेष प्रकृतिको लैङ्गिक हिंसा नियन्त्रण गर्ने विशेष ऐनहरू, कार्यविधिगत व्यवस्थाहरू र सम्मानित सर्वोच्च अदालतको फैसलाबाट जारी भएको निर्देशिकाहरूमा समेत लैङ्गिक हिंसा नियन्त्रण गर्ने व्यवस्थाहरू रहेको पाइन्छ। उक्त व्यवस्थाहरूको आधारमा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी नेपाली कानुनलाई निम्न ४ प्रकारमा वर्गीकरण गर्न सकिन्छः (क) **संवैधानिक व्यवस्थाहरू** (ख) **कानुनी व्यवस्थाहरू** (ग) **विशेष कानुनहरू र** (घ) **कार्यविधिगत व्यवस्थाहरू**

३. अध्याय २, पृ. ७, Guidelines for Gender-based Violence Interventions in Humanitarian Settings, अन्तरनिकाय स्थायी समिति (IASC)

४. लैङ्गिक हिंसाविरूद्ध राष्ट्रिय कार्ययोजना (सन् २०१०), नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पृ. १-२

नेपालको संविधान

भाग-३

मौलिक हक र कर्तव्य

१८. समानताको हक

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग,आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।
तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

स्पष्टीकरणः यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

२०. न्याय सम्बन्धी हक

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ। तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

स्पष्टीकरणः यस उपधाराको प्रयोजनका लागि "कानून व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन। तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ।

२१. अपराध पीडितको हक

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

२२. यातना विरुद्धको हक

(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन।

(२) उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

२८. गोपनीयताको हक

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ।

२९. शोषण विरुद्धको हक

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

३८. महिलाको हक

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

३९. बालबालिकाको हक

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

४२. सामाजिक न्यायको हक

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ। पहिलो संशोधनद्वारा संशोधित।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

मुलुकी अपराध संहिता, २०७४

भाग २

परिच्छेद १०: भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर

१६०. भेदभावपूर्ण व्यवहार गर्न नहुने

(१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१६१. भेदभाव गरी बस्तु वा सेवा खरिद बिक्री वा वितरण गर्न नहुने

(१) कसैले कुनै बस्तु वा सेवाको खरिद वा बिक्री वितरण गर्दा गराउँदा कुनै खास जात, जाति वा सम्प्रदायको व्यक्तिबाट मात्र वा त्यस्ता व्यक्तिलाई मात्र खरिद वा बिक्री वितरण गर्ने वा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई उपलब्ध नगराउने वा बिक्री वितरण नगर्ने कार्य गर्न हुँदैन।

तर आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको हित संरक्षण वा विकासका लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई कुनै खास वस्तु वा सेवा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई मात्र उपलब्ध गराएकोमा वा बिक्री वितरण गरेकोमा यस दफा बमोजिम कसूर गरेको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१६२. जवर्जस्ती काममा लगाउन नहुने

(१) कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाउन हुँदैन।
तर सार्वजनिक कामको लागि कानून बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१६३. दास बनाउन नहुने

(१) कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

१६४. बन्धक बनाउन वा बाँधा राख्न नहुने

(१) कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

१६५. सामाजिक रीति स्थितिमा खलल पार्न नहुने

(१) कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्न वा गराउन हुँदैन।
स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि जातीय भेदभाव हुने रीतिस्थितिलाई सामाजिक रीतिस्थिति मानिने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१६६. जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गार्न नहुने

(१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न बञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ।

१६७. यातना दिन नहुने

(१) प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन हुँदैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई देहायको उद्देश्यले जानीजानी शारीरिक वा मानसिक पीडा वा कष्ट पुऱ्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा त्यस्तो व्यक्ति उपर यातना दिएको वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेको मानिनेछः-

(क) कुनै विषयमा जानकारी हासिल गर्ने,
(ख) कुनै कसूरमा साबित गराउने,
(ग) कुनै कार्यको लागि दण्ड दिने,
(घ) जोर जुलुम वा त्रास देखाउने, वा
(ङ) कानून विपरीतका अन्य कुनै कार्य गर्ने।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको गम्भीरता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्न आदेश दिने व्यक्ति वा यस दफा बमोजिमको कसूर गर्न सहयोग गर्ने मतियारलाई मुख्य कसूरदार सरह सजाय हुनेछ।

(४) उपदफा (१) बमोजिम कसूर गर्ने कुनै व्यक्तिले आफूभन्दा माथिका अधिकारीको आदेश पालना गरी त्यस्तो कसूर गरेको भन्ने दावी लिन पाउने छैन र निजले त्यस्तो आधारमा त्यस्तो कसूर गरे बापत हुने सजायबाट उन्मुक्ति पाउने छैन।

१६८. अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने

(१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन।

(क) बोक्सा बोक्सीको आरोप लगाउने,
(ख) बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने,
(ग) सामाजिक बहिष्कार गर्ने, वा
(घ) अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन।

(४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(५) राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुनेछ।

१६९. क्षतिपूर्ति भराई दिनु पर्ने

यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

१७०. हदम्याद

(१) दफा १६३ र १६४ अन्तर्गतका कसूरमा जहिले सुकै उजुर लाग्नेछ।

(२) दफा १६७ अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको वा सम्बन्धित व्यक्ति पक्राउ, नियन्त्रण, हिरासत, थुना, कैद वा नजरबन्दबाट मुक्त भएको मितिले र यस परिच्छेद अन्तर्गतका अन्य कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन।

भाग २

परिच्छेद ११: विवाहसम्बन्धी कसूर

१७१. मञ्जुरी विना विवाह गर्न नहुने

(१) विवाह गर्ने व्यक्तिहरूको मञ्जुरी विना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम मञ्जुरी विना भएको विवाह बदर हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि दफा १७३ बमोजिम विवाह गर्न पूरा हुनु पर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन।

१७२. हाडनातामा विवाह गर्न नहुने

(१) कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको विवाह थाहा नपाई भएको रहेछ भने त्यस्तो विवाह बदर हुनेछ।

(३) उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यस्तो विवाह स्वतः वदर हुनेछ।

१७३. बाल विवाह गर्न नहुने

(१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

१७४. विवाहमा लेनदेन गर्न नहुने

(१) आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) कसैले विवाह गरी सकेपछि उपदफा (१) बमोजिमको चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न हुँदैन।

(४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(५) उपदफा (१) वा (३) बमोजिम कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

१७५. बहुविवाह गर्न नहुने

(१) विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन।

(२) कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(५) उपदफा (१) बमोजिमको विवाह स्वतः बदर हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो संहिता लागू हुनुअघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा यस दफामा लेखिएको कुनै कुराले असर पारेको मानिने छैन।

१७६. हदम्याद

यस परिच्छेद अन्तर्गतको कसूरमा कसूर भए गरेको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

भाग २

परिच्छेद १३: गर्भ संरक्षण विरुद्धको कसूर

१८८. गर्भपतन गर्न नहुने

(१) दफा १८९ को अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भ पतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन।

(२) कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन।

(३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना,

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना,

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना।

(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरुप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनका लागि गर्भपतन गराएको मानिने छ।

(५) कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसूरदारलाई यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गर्भवती महिला बिरुद्ध कुनै रिस इवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुनेछः-

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद।

(७) कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुँदैन।

(८) उपदफा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद, र

(ख) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई उपदफा (३) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद।

१८९. गर्भ पतन गराउन सक्ने

दफा १८८ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्यकर्मीले देहायको अवस्थामा गर्भपतन गराएकोमा यस संहिता अन्तर्गतको कसूर भए गरेको मानिने छैनः-

(क) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा,

(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

(ग) जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

(घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "स्वास्थ्यकर्मी" भन्नाले निधार्रित योग्यता पुगी गर्भपतन गराउन इजाजत प्राप्त गरेको चिकित्सक वा स्वास्थ्यकर्मी सम्झनु पर्छ।

१९०. हदम्याद

यस परिच्छेद अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन।

भाग २

परिच्छेद १४: कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर

१९१. कुटपिट गर्न नहुने

(१) कसैले कसैलाई कुटपिट गर्न हुँदैन।

(२) कसैले कसैलाई देहायको कुनै कार्य गरेमा निजले कुटपिट गरेको मानिनेछः-

(क) कुनै किसिमको शारीरिक पीडा पुर्‍याएमा,

(ख) कुनै काम गरी दफा १०४ र १०५ मा उल्लिखित रोग बाहेकको अन्य कुनै रोग सारेमा,

(ग) अन्य कुनै कार्य गरी अशक्त बनाएमा।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "अशक्त" भन्नाले शरीरको कुनै अङ्ग सामान्य रुपमा काम गर्न नसक्ने गरी अशक्त भएको अवस्था सम्झनु पर्छ र सो शब्दले मानसिक अशक्ततालाई समेत जनाउँछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१९२. अङ्गभङ्ग गर्न नहुने

(१) कसैले कसैको अङ्गभङ्ग गर्न वा गराउन हुँदैन।

(२) कसैले कसैलाई जानीजानी कुटपिट गर्दा देहाय बमोजिमको परिणाम भएमा अङ्गभङ्गको कसूर गरेको मानिनेछः-

(क) आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइदिएमा,

(ख) नाकको सुँघ्ने शक्ति नाश गरिदिएमा,

(ग) कानको सुन्ने शक्ति नाश गरिदिएमा,

(घ) जिब्रोको बोल्ने शक्ति नाश गरिदिएमा,

(ङ) महिलाको स्तन काटिदिएमा,

(च) महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएमा,

(छ) मेरुदण्ड, डँडाल्नु, हात खुट्टा वा त्यस्ता अङ्गको जोर्नी भाँची, फोरी, फुकाली बेकम्मा पारिदिएमा,

(ज) कुटपिटको कारणबाट आफ्नो पेशाको काम गर्न नसक्ने गरी असक्षम बनाईदिएमा।

(३) कुटपिटबाट तत्काल अङ्गभङ्ग नभए तापनि सोही कामको परिणाम स्वरुप पछि उपदफा (२) बमोजिमको परिणाम निस्केमा पनि अङ्गभङ्ग भएको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै किसिमको काम दिने एउटाभन्दा बढी अङ्ग हुनेमा त्यसमध्ये एउटा अङ्गमात्र बेकम्मा पारी दिएको भए सो उपदफामा लेखिएको सजायको आधा सजाय हुनेछ र अङ्गभङ्ग भएको खत निको भई कामलाग्ने भएमा तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

१९३. तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्न नहुने

(१) कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको प्रकृति हेरी अनुहार कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुऱ्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (२) बमोजिम जरिबाना बापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१९४. गम्भीर उत्तेजना वा रीसको आवेशबाट कुटपिट वा अङ्गभङ्ग भएकोमा सजाय

(१) दफा १९१ वा १९२ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुटपिट गर्ने व्यक्तिलाई कुटपिट गरी अङ्गभङ्ग गरेको रहेछ भने दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र अन्य कुनै किसिमले चोट पुऱ्याएको रहेछ भने एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछः-

(क) कसैले तत्काल गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट कसूरदारले आत्मसंयम्को शक्ति गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिलाई वा भ्रमवस अरु कसैलाई कुटपिट गरेमा वा संयोगवश अरु कसैलाई चोट पुग्न गएकोमा।

तर देहायको अवस्थामा यो खण्ड लागू हुने छैनः-

(१) कसैले कानूनको पालन गर्दा, निजी रक्षाको अधिकारको प्रयोग गर्दा, कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालन गर्दा वा पालन गर्न लागेको कुनै कामबाट उत्तेजित हुन गई कुटपिट गरेकोमा,

(२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले कसूरदार स्वयंले कसैलाई उत्तेजित गराएको र त्यसरी उत्तेजित भई त्यस्तो व्यक्तिले गरेको कामबाट कसूरदार आफैँ उत्तेजनामा परी कुटपिट गरी चोट पुऱ्याएकोमा।

(ख) निजी रक्षाको लागि आवश्यक पर्ने बलभन्दा बढी बल प्रयोग गरी कसैलाई क्षति पुऱ्याएकोमा,

(ग) एकाएक उठेको झगडाको रीसको आवेशमा तत्काल कसैलाई चोट पुऱ्याएकोमा।

तर यस खण्ड बमोजिमको काम गर्दा कसूरदारले अनुचित लाभ हासिल गरेको वा क्रुर वा अस्वभाविक तवरबाट काम गरेको हुनु हुँदैन।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि इवी लिएर वा सोच विचार गरेर कुटपिट वा अङ्गभङ्ग गरेकोमा सो खण्डहरूमा लेखिएको व्यवस्था लागू हुने छैन।

१९५. लापरवाहीपूर्ण काम गरी वा हेलचक्र्याँई गरी कुटपिट गर्न वा अङ्गभङ्ग वा अन्य चोट पुऱ्याउन नहुने

(१) कसैले लापरवाहीपूर्ण काम गरी वा हेलचक्र्याइँ गरी कसैलाई कुटपिट गर्न, अङ्गभङ्ग गर्न वा अन्य चोट पुर्याउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः–

(क) लापरवाहीपूर्ण काम गरी अङ्गभङ्ग भएकोमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र अन्य किसिमको चोट पुगेको रहेछ भने एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) हेलचक्र्याइँ गरी त्यस्तो कसूर गरेको रहेछ भने छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।

१९६. आपराधिक बल प्रयोग गर्न नहुने

(१) कसैले कसै उपर आपराधिक बल प्रयोग गर्न हुँदैन।

(२) कसैले कसैलाई देहाय बमोजिमको कार्य गरेमा निजले आपराधिक बल प्रयोग गरेको मानिनेछः–

(क) कुनै कसूर गर्ने नियतले कुनै व्यक्ति उपर कुनै किसिमको बल प्रयोग गरेमा,

(ख) कुनै व्यक्ति वा निजको परिवार वा सम्पत्तिलाई क्षति पुर्याउने डर, त्रास उत्पन्न गराउने वा झिझ्याउने नियतले वा त्यस्तो हुन सक्छ भन्ने जानीजानी निज उपर बल प्रयोग गरेमा,

(ग) कसैलाई आफू उपर बल प्रयोग हुन लागेको भन्ने त्रसित पारेमा वा धम्की दिएमा वा जोर जुलुम गरेमा वा अरु कुनै किसिमले त्यसको उद्योग गरेमा।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयको शिक्षण, प्रशिक्षण वा तालिम दिँदा, कुनै किसिमको अभिनय गर्दा, उपचार गर्दा वा भलाई हुने किसिमले कसैको मञ्जुरी लिई कुनै बल प्रयोग गरेकोमा वा कुनै किसिमको खेल हुँदा स्वभाविक प्रकृतिको बल प्रयोग गरेकोमा आपराधिक बल प्रयोग गरेको मानिने छैन।

तर कसैलाई क्षति पुर्याउने बदनियतले बल प्रयोग गरेकोमा यस उपदफाको व्यवस्था लागू हुने छैन।

(४) आपराधिक बल प्रयोग गर्ने वा गराउने व्यक्तिलाई हतियार लिई गरेको भए तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र हतियार नलिई गरेको भए एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१९७. कसूर गर्ने नियतले वेहोस पार्न नहुने

(१) कसैले कुनै कसूर गर्न सजिलो पार्ने नियतले अरुलाई वेहोस तुल्याउने, लठ्याउने वा अस्वस्थ पार्ने पदार्थ खुवाउन वा अन्य कुनै प्रकारले सेवन गराउन वा कुनै प्रकारले वेहोस गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिमको काम गरी त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत हुने सजायमा यस दफा बमोजिमको सजाय थप हुनेछ।

१९८. क्षतिपूर्ति

यस परिच्छेदमा उल्लिखित कसूरबाट कसैको जीउ वा ज्यानमा चोटपटक वा हानि, नोक्सानी भएको रहेछ भने कसूरदारबाट पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

१९९. हदम्याद

दफा १९६ अन्तर्गतको कसूरमा त्यस्तो कसूर भए गरेको मितिले तीन महिना नाघेपछि, दफा १९७ अन्तर्गतको कसूरमा त्यस्तो व्यक्तिको होस आएको मितिले छ महिना नाघेपछि र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्ष नाघेपछि उजुर लाग्ने छैन।

भाग २

परिच्छेद १७: अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर

२११. अपहरण गर्न नहुने

(१) कसैले कुनै व्यक्तिलाई अपहरण गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले अपहरण गरेको मानिनेछः-

(क) कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, छलकपट गरी वा डरत्रासमा पारी, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई वा झुक्यानमा पारी वा नशालु पदार्थ वा मादक पदार्थ सेवन गराई वा कुनै व्यक्ति यात्रा गरी रहेको सवारी साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई वा त्यस उपर कुनै किसिमले नियन्त्रण गरी निजलाई कुनै ठाउँमा लगेमा वा जान बाध्य गराएमा वा,

(ख) कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका वा शारीरिक अशक्तताको कारणले अरुको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी विना वा झुक्यानमा पारी जवर्जस्ती कुनै ठाउँमा लगेमा।

२१२. शरीर बन्धक लिन नहुने

(१) कसैले कसैको शरीर बन्धक लिन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका र होस ठेगान नभएको व्यक्ति भए निजको आमा बाबु वा संरक्षकको मञ्जुरी विना बल प्रयोग गरी वा सोको धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नशालु वा मादक पदार्थ सेवन गराई, यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राखेमा शरीर बन्धक लिएको मानिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी लिई असल नियतबाट सम्बन्धित व्यक्तिको हितको लागि उपचार गर्ने क्रममा वा अन्य कुनै प्रयोजनका लागि कसैको निगरानी वा नियन्त्रणमा राखिएकोमा शरीर बन्धक लिएको मानिने छैन।

२१३. अपहरण वा शरीर बन्धक लिएमा हुने सजाय

कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जवर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा बिरुद्ध जवर्जस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले दफा २११ वा २१२ बमोजिमको काम गरे वा गराएको भए सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना र त्यस बाहेक अन्य उद्देश्यले गरे वा गराएको भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रुपैयाँ सम्म जरिबाना हुनेछ।

२१४. थप सजाय हुने

(१) दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस संहिता वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुनेछ।

(३) दफा २११ र २१२ को कसूर सङ्गठित रुपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई वर्ष कैद सजाय हुनेछ।

२१५. दुरुत्साहन दिने वा आदेश दिने वा उद्योग गर्ने वा षडयन्त्र गर्ने व्यक्ति वा मतियारलाई सजाय हुने

(१) यस परिच्छेदमा लेखिएको कसूर गर्न दुरुत्साहन दिने वा आदेश दिने व्यक्तिलाई मुख्य कसूरदारलाई भए सरह सजाय हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो कुराको उद्योग वा षड्यन्त्र गर्ने वा मतियार हुने व्यक्तिलाई सो कसूरमा हुने सजायको आधा सजाय हुनेछ।

२१६. आत्मसमर्पण गरेमा सजाय कम हुने

यस परिच्छेद अन्तर्गतको कसूर गर्ने व्यक्तिले कसूर गर्दा गर्दैको बखत सुरक्षाकर्मी समक्ष आत्मसमर्पण गरेमा वा अन्य कसूरदार वा सो कसूर गर्ने गिरोहका सदस्यलाई पक्राउ गर्न सहयोग पुऱ्याएमा अवस्था हेरी अदालतले निजलाई सजाय कम गर्न सक्नेछ।

२१७. क्षतिपूर्ति भराई दिनु पर्ने

(१) यस परिच्छेद अन्तर्गतको कसूर गरे वा गराएको ठहरेमा कसूर गर्ने वा गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति पीडित व्यक्ति मरी सकेको भए निजको नजिकको हकदारलाई भराई दिनु पर्नेछ।

२१८. हदम्याद

(१) यस परिच्छेद अन्तर्गतका कुनै कसूर गरी कसैको ज्यान लिएकोमा जहिले सुकै पनि उजुर गर्न सकिने छ।

(२) उपदफा (१) मा लेखिए बाहेक यस परिच्छेद अन्तर्गतको कुनै कसूर भए गरेको मितिले दुई वर्ष र दफा २११ र २१२ अन्तर्गतको कसूर भएकोमा सम्बन्धित व्यक्ति त्यस्तो कसूरबाट मुक्त भएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन।

भाग २

परिच्छेद १८: करणी सम्बन्धी कसूर

२१९. जवर्जस्ती करणी गर्न नहुने

(१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ :-

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ।
तर देहायको अवस्थालाई वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैनः-

(क) पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको,

(ख) पतिसँग अंश लिई छुट्टै बसेको,

(ग) पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको।

(५) उपदफा (४) बमोजिमको अवस्थामा पीडितको निवेदन माग बमोजिम आवश्यक भएमा अदालतले पतिको नाममा देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछः-

(क) पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः-

(क) मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय,

(ख) अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना।

(७) सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।

तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय हुनेछ।

(८) कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ।

२२०. हाडनातामा करणी गर्न नहुने

(१) कसैले आफ्नो जात वा कुलमा चली आएको चलन, परम्परा वा मान्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग करणी लिनु दिनु हुँदैन।

(२) देहायका नातामा उपदफा (१) बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) जन्माउने आमा छोराको वा बाबु छोरीको करणी भएमा जन्मकैद,

(ख) सौतेनी आमा छोरा वा बाबु छोरी, सहोदर दिदी भाइ वा दाजु बहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको बाजे नातिनी वा पनातिनी, एकै हाँगाका जेठाजु र भाइ बुहारी वा देवर भाउजूको करणी भएमा चार वर्षदेखि दश वर्षसम्म कैद र चालीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) एकै हाँगाको तीन पुस्तासम्मको बज्यै, नाति वा पनाति, एकै हाँगाको ठूलो बाबु वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, साख्यै मामा भाञ्जी वा भानिज माइजु, आमा तर्फका ठूली आमा वा सानी आमा र छोरा र आफ्नी श्रीमती तर्फकी सासू र ज्वाँइको करणी भएमा तीन वर्षदेखि छ वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (क), (ख) वा (ग) मा लेखिएदेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना।

२२१. थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने

(१) कैद वा थुनामा रहेको कुनै व्यक्तिसँग सरकारी कर्मचारीले करणी गर्न वा करणी गर्न अरु कसैलाई संयोग पारी मिलाई दिई करणी गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम करणी गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद सजाय हुनेछ र त्यस्तो करणी यस संहिता वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिमको सजायमा यस दफा बमोजिमको सजाय थप हुनेछ।

२२२. आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने

(१) कसैले आफूले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसँग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुनर्स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ र त्यस्तो करणी यस संहिता वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ।

२२३. कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने

(१) सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो करणी यस संहिता वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ।

२२४. यौन दुर्व्यवहार गर्न नहुने

(१) कसैले कसैलाई यौन दुर्व्यवहार गर्न वा गराउनु हुँदैन।

(२) कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी विना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा सांयेतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्याादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२२५. बालयौन दुरुपयोग गर्न नहुने

(१) कसैले बालयौन दुरुपयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले करणीका आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२२६. अप्राकृतिक मैथुन गर्न नहुने

(१) कसैले कसैको मञ्जुरी विना अप्राकृतिक मैथुन गर्नु वा गराउनु हुँदैन।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि बालबालिकाले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) बालबालिका बिरुद्ध उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दफा २१९ बमोजिम सजाय हुनेछ।

२२७. पशु करणी गर्न नहुने

(१) कसैले पनि पशु करणी गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाईको करणी गरे वा गराएको भए दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना र अन्य पशु करणी गरे वा गराएको भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२२८. क्षतिपूर्ति भराई दिनु पर्ने

दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

तर कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानून बमोजिमको पीडित राहत कोष स्थापना भइनसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ।

२२९. हदम्याद

(१) दफा २२० अन्तर्गतको कसूरमा जहिले सुकै पनि उजुर गर्न सकिनेछ।

(२) दफा २१९, २२१, २२२, २२३, २२४, २२५ र २२६ को उपदफा (३) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

तर थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

भाग ३

परिच्छेद १: गोपनियता विरुद्धका कसूर

२२३. अर्काको कुरा सुन्न वा ध्वनी अङ्कन गर्न नहुने

(१) कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बिचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरूको मञ्जुरी विना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनी अंकन गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

तर सार्वजनिक रुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यो दफा लागू हुने छैन।

२९४. गोप्य कुरा प्रकट गर्न नहुने

(१) कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले वाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक कसैलाई पनि प्रकट गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२९५. अनुमति विना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्न नहुने

(१) कसैले कुनै व्यक्तिको अनुमति विना निजको तस्वीर खिच्न वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाउन हुँदैन।
तर कसैले कुनै सार्वजनिक स्थानको तस्वीर खिच्दा त्यस्तो स्थानमा रहेको कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएको रहेछ भने यस दफा बमोजिम कसूर गरेको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) कसैले एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्वीर बनाउन वा प्रकाशन गर्न हुँदैन।

(४) उपदफा (३) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२९६. अनुमति विना एकको तस्वीर अरुलाई दिन वा बिक्री गर्न नहुने

(१) कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमति विना अरुलाई दिन वा बिक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद बिक्री गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२९७. चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने

(१) अधिकार प्राप्त अधिकारी वा सम्बन्धित व्यक्तिको अनुमति विना कसैको चिठ्ठी खोल्न वा अरुले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बिचमा सुन्न वा ध्वनी अभ्न गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२९८. विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्न नहुने

(१) कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रुपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रुपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२९९. छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने

(१) कसैले आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

३००. हैरान पार्ने बदिनयतले चिठ्ठी पत्र लेख्न नहुने

(१) कसैलाई डर, त्रास वा दुःख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठ्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

३०१. अरुको शरीर खानतलासी गर्न नहुने

(१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेश वा सुरक्षाको प्रयोजनका लागि खटिएको व्यक्तिले अधिकार प्राप्त अधिकारीको अनुमतिले बाहेक कसैले सम्बन्धित व्यक्तिको स्वीकृति विना अरुको शरीर, सवारी साधन वा निजी प्रयोगका वस्तुहरूको खानतलासी गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

३०२. अरुको आवासमा अनाधिकृत प्रवेश गर्न नहुने

(१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घर धनीको स्वीकृति विना अनधिकृत रुपमा प्रवेश गर्न, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "घर" भन्नाले कुनै व्यक्तिले बसोबास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात विताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

३०३. क्षतिपूर्ति भराई दिनु पर्ने

यस परिच्छेद बमोजिमको कसूर गरी कसैले कुनै लाभ प्राप्त गरेको वा कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति पुर्याएको रहेछ भने कसूरबाट त्यस्तो लाभ, हानि, नोक्सानी, हैरानी वा क्षतिको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ।

३०४. हदम्याद

यस परिच्छेद अन्तर्गतको कसूरमा कसूर भए गरेको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

भाग ३

परिच्छेद २: गाली बेइज्जती सम्बन्धी कसूर

३०५. गाली गर्न नहुने

(१) कसैले कसैलाई गाली गर्न हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

३०६. बेइज्जती गर्न नहुने

(१) कसैले कसैको बेइज्जती गर्न हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहाय बमोजिमको काम गरेमा निजले बेइज्जती गरेको मानिनेछः-

(क) अरुको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिब कारण भई लेखेर, आचरण वा आकार वा चिह्न वा प्रचार प्रसारद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरुलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रचार, प्रसार वा प्रकाशन गरेमा वा कसैको बेइज्जती हुने साधनको रुपमा प्रयोग गरिएको कुनै चिज जानीजानी बिक्री वा बितरण गरेमा,

(ख) मृतकलाई कुनै आक्षेप लगाइएकोमा त्यस्तो आक्षेप लगाउँदाका बखत निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ भन्ने जानीजानी निजको परिवार वा नजिकको अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने नियतले कुनै आक्षेप लगाएकोमा,

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कामलाई बेइज्जती मानिने छैनः-

(क) सर्वसाधारणको हितको लागि प्रमाण र आधार सहित कुनै व्यक्तिसँग सम्बन्धित साँचो कुरा प्रकाशन वा प्रशारण गर्नु,

(ख) कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको कर्तव्य पालना गर्दा निजको आचरणलाई लिएर वा त्यस्तो आचरणबाट बुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले मर्यादित ढङ्गबाट कुनै कुरा प्रकाशन गर्नु,

(ग) कुनै व्यक्तिको सार्वजनिक पद वा ओहोदाको महत्वसँग सम्बन्ध राख्ने आचरण र त्यस्तो आचरणबाट बुझिनेसम्मको निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु,

(घ) कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारणको रायको लागि कुनै कुरा पेश गरेकोमा त्यस्तो कुराको गुण वा दोषलाई लिएर वा सो हदसम्म मात्र त्यस्तो कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले मयार्दित ढङ्गबाट कुनै विचार प्रकट गर्नु,

(ङ) कुनै व्यक्तिको अर्को कुनै व्यक्ति उपर कानूनद्वारा वा निजसँग भएको करारद्वारा कुनै अधिकार भएकोमा निजले सो अधिकार सम्बन्धी काम कुरामा त्यस्तो व्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु,

(च) कानून बमोजिम कुनै कसूरको अनुसन्धान गर्नु वा त्यस्तो आधारमा निजलाई कानून बमोजिम अभियोग लगाउनु,

(छ) कसैलाई निजको हितको लागि, निजको स्वार्थ भएको व्यक्तिको हितको लागि वा सर्वसाधारणको हितको लागि अरु कुनै व्यक्तिको विरुद्ध सतर्क पार्नु।

(ज) सार्वजनिक हित, सदाचार वा नैतिकताको लागि असल नियतले कसैको कुनै कार्य, चरित्र वा आचरणको सम्बन्धमा व्यङ्ग्य गर्न वा आधार र कारण सहित कुनै टिप्पणी गर्न वा कुनै कुरा प्रकाशन वा प्रसारण गर्न।

३०७. बेइज्जती गरेमा हुने सजाय

(१) कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँ सम्म जरिबाना वा दुवै सजाय हुनेछ।

तर विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले कसैलाई बेइज्जती गरे वा गराएको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसूरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेको भएमा त्यस्तो कुरा समेतलाई विचार गरी कसूरदारबाट मनासिब क्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ।

(३) मरिसकेको कुनै व्यक्तिलाई यस परिच्छेद बमोजिम बेइज्जती गरेको ठहरिएमा कसूरदारबाट त्यस्तो बेइज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति र मुद्दामा लागेको खर्चको रकम भराई दिनु पर्नेछ।

३०८. हदम्याद

यस परिच्छेद अन्तर्गतको कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

मुलुकी देवानी संहिता, २०७४

भाग १

परिच्छेद ३: नागरिक अधिकार सम्बन्धी व्यवस्था

१७. कानूनको दृष्टिमा समान हुने

(१) प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने छन् ।

(२) कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

१८. भेदभाव गर्न नपाइने

(१) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(२) कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, समुदाय, पेशा, व्यवसाय, लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गरिने छैन र त्यस्तो आधारमा कुनै पनि व्यक्तिलाई सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा आफ्नो इच्छा अनुसारको धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

(३) कसैलाई पनि समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

(४) कुनै नागरिकलाई सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानूनले निर्धारण गरेको योग्यताका आधारमा मात्र गरिनेछ । त्यसरी नियुक्ति गर्दा कुनै पनि नागरिकमाथि उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

१९. विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने

दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग,

अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन।

२०. स्वतन्त्रता र अधिकार हुने

(१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन।

(२) कानूनको अधीनमा रही प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता र अधिकार हुनेछ :-

(क) आफ्नो विचार राख्ने तथा अभिव्यक्त गर्ने,

(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा सभा, सम्मेलन गर्ने,

(ग) सङ्घ वा संस्था खोल्ने,

(घ) नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने,

(ङ) कुनै पेशा, रोजगार, उद्योग, व्यवसाय गर्ने,

(च) आफूले चाहेको शिक्षा वा आफ्नो मातृभाषामा शिक्षा आर्जन गर्ने,

(छ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोबार गर्ने,

(ज) सार्वजनिक नैतिकता र परम्पराको मर्यादा राखी सनातनदेखि चली आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने,

(झ) आफ्नो समुदायको भाषा, लिपि वा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने,

(ञ) आफ्नो धार्मिक समुदायको स्वतन्त्र अस्तित्व कायम राखी धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने,

(ट) आफ्नो जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्ने।

२१. गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने

(१) कानून बमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मञ्जुरी नलिई देहायका कुनै काम कुरा गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिनेछ :-

(क) कुनै व्यक्तिको बासस्थानमा प्रवेश गरेमा,

(ख) कसैको चिठ्ठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली, ध्वनिको टेप वा रेकर्ड गरेमा वा सुनेमा,

(ग) कुनै व्यक्तिको निजी जीवनको व्यवहार, आचरणको चियो चर्चा, प्रकाशन, प्रशारण वा प्रचार गरेमा,

(घ) कसैको आकृति वा तस्वीर खिचेमा,

(ङ) अरूको नाम, आकृति, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा।

(२) उपदफा (१) को खण्ड (घ) वा (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितको लागि तीं खण्डहरूमा लेखिएको कुनै काम गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको मानिने छैन।

२२. करार गर्न पाउने

प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही करार गर्ने अधिकार हुनेछ।

२३. कानून बमोजिम बाहेक कर लगाउन नपाइने

कानून बमोजिम बाहेक कुनै व्यक्तिको सम्पत्ति वा आयमा कर लगाउन सकिने छैन।

२४. इच्छा विरुद्ध काममा लगाउन नपाइने

कुनै पनि व्यक्तिलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाउन पाइने छैन।

२५. सम्पत्ति प्राप्ति, अधिग्रहण, लिलाम वा जफत नगरिने

(१) कानून बमोजिम सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले अधिकारको सिर्जना गर्ने छैन।

तर गैर कानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो व्यवस्था लागू हुने छैन।

(२) कानून बमोजिम बाहेक कसैको सम्पत्ति लिलाम वा जफत गरिने छैन।

२६. उजुर गर्न सक्ने

(१) गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैँले वा निजको तर्फबाट जोसुकैले बन्दीप्रत्यक्षीकरणको आदेशको लागि सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।

(२) कसैले एकभन्दा बढी अदालतमा उजुरी दिएमा माथिल्लो अदालतमा दिएको उजुरी कायम रहनेछ।

(३) कसैले यस परिच्छेद विपरीत कुनै काम कारबाही गरेमा वा गर्न लागेको पर्याप्त आशय भएमा त्यस्तो काम कारबाहीबाट मर्का पर्न जाने व्यक्तिले आफ्नो अधिकारको प्रचलनको लागि प्रादेशिक क्षेत्राधिकार भएको उच्च अदालत वा जिल्ला अदालतमा उजुर गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा कानून विपरीत गिरफ्तार गरिएको वा थुनिएको देखिएमा सम्बन्धित अदालतले त्यसरी गिरफ्तार वा थुनिएको व्यक्तिलाई तुरुन्त थुनाबाट छाड्न आदेश दिनेछ।

(५) उपदफा (३) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा प्रत्यर्थीले निजको अधिकारमा केही क्षति पुऱ्याएको वा क्षति पुऱ्याउन लागेको देखिएमा सम्बन्धित अदालतले त्यस्तो प्रत्यर्थीको नाममा उजुर गर्ने व्यक्तिको अधिकार उपर क्षति पुग्ने किसिमको काम नगर्न, नगराउन र केही काम गरिसकेको भए बाँकी काम नगर्न वा कुनै काम गर्न लगाउन आदेश जारी गर्न सक्नेछ।

२७. क्षतिपूर्ति भराई दिने

(१) दफा २६ बमोजिम परेको उजुरी जाँचबुझ गर्दा प्रत्यर्थीले उजुरकर्तालाई वदनियतपूर्वक क्षति पुग्ने कुनै काम गरेको ठहरिएमा सम्बन्धित अदालतले अवस्था हेरी प्रत्यर्थीबाट उजुरीकर्तालाई मनासिब क्षतिपूर्ति भराई दिनेछ।

(२) कुनै सरकारी वा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीले यस परिच्छेदमा उल्लिखित नागरिक अधिकारको जानीजानी उल्लङ्घन गरेको ठहरिएमा उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम त्यस्तो पदाधिकारी वा कर्मचारी आफैँले व्यहोर्नु पर्नेछ।

२८. झुट्टा उजुरी दिएको देखिएमा क्षतिपूर्ति भराई दिने

(१) कसैले कसैलाई दुःख दिने वा हानि, नोक्सानी पुर्‍याउने नियतले झुट्टा उजुरी दिएको ठहरेमा सम्बन्धित अदालतले त्यसरी झुट्टा उजुरी दिने उजुरीकर्ताबाट प्रत्यर्थीलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ।

(२) उपदफा (१) बमोजिम भराइने क्षतिपूर्तिमा प्रत्यर्थीले अदालतमा आफ्नो प्रतिरक्षा गर्दा लागेको खर्च, अदालती दस्तुर र कानून व्यवसायीको खर्च समेत समावेश हुनेछन्।

२९. हदम्याद

यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले गिरफ्तार वा थुनिएको हकमा जहिलेसुकै र अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ।

भाग ३

परिच्छेद १ : विवाह सम्बन्धी व्यवस्था

७१. विवाह गर्न, गराउन नहुने

(१) कसैले पनि दफा ७० बमोजिम विवाह हुन सक्ने अवस्था नरहेको पुरुष वा महिलासँग विवाह गर्न वा गराउन हुँदैन।

(२) कसैले पनि देहायका कुनै अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन :-

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

(घ) होस ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

(३) उपदफा (२) बमोजिम झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्नेछ।

७२. विवाह बदर हुने

(१) देहायको अवस्थामा भएको विवाह स्वतः बदर हुनेछ :-

(क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

(ख) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बीच भएको विवाह।

(२) उपदफा (१) बमोजिम भएको विवाह प्रारम्भदेखि नै अमान्य हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७० को उपदफा (२) बमोजिम भएको विवाह बदर हुने छैन।

७३. विवाह बदर गराउन सक्ने

(१) देहायका अवस्थामा भएको विवाह त्यस्तो विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्नेछ :-

(क) दफा ७० को उपदफा (१) को खण्ड (घ) बमोजिम विवाह गर्ने उमेर पूरा नभएमा,

(ख) दफा ७१ को उपदफा (२) बमोजिम झुक्याई विवाह गरे वा गराएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ।

७४. शारीरिक सम्पर्कबाट शिशु जन्मेमा विवाह भएको मानिने

(१) दफा ६९ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिला बीच स्वतः विवाह भएको मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा पुरुषसँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएको भए पनि सोही कारणले पुरुष र महिला बीच स्वतः विवाह भएको मानिने छैन :-

(क) जवरजस्ती करणीको कारणले महिलाले गर्भधारण गरी शिशु जन्मिएमा,

(ख) दफा ७० को उपदफा (२) बमोजिम विवाह गर्न हुने नाता सम्बन्धमा बाहेक हाडनाता करणीमा सजाय हुने नाताका पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा।

७५. जन्मिसकेको शिशुको कानून बमोजिमको हकमा असर नपर्ने

दफा ७२ बमोजिम विवाह वदर भएमा वा दफा ७३ बमोजिम विवाह वदर गराएमा त्यस्तो विवाहबाट जन्मिसकेको वा दफा ७४ को उपदफा (२) को अवस्थामा जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्ने छैन।

७६. विवाह दर्ता गर्नु पर्ने

(१) पति तथा पत्नीले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्नेछ।

तर दफा ७४ को उपदफा (१) को अवस्थामा पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ।

(२) नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूताबास वा महावाणिज्य दूताबासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन्।

(३) उपदफा (१) वा (२) बमोजिम विवाह दर्ताको लागि निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो कार्यालयमा रहेको विवाह सम्बन्धी अभिलेखमा विवाह दर्ता गरी नेपाल सरकारले तोकिदिएको ढाँचामा निवेदकलाई विवाह दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि "सम्बन्धित अधिकारी" भन्नाले विवाह दर्ता गर्ने अधिकारी सम्झनु पर्छ।

(४) उपदफा (१) वा (२) बमोजिम परेको निवेदन अनुसार विवाह दर्ता गर्न नहुने भएमा सम्बन्धित अधिकारीले त्यसको कारण खुलाई निवेदन परेको सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम परेको निवेदन अनुसार विवाह दर्ता गराउने सम्बन्धमा कुनै एक पक्ष उपस्थित नभएकोमा सम्बन्धित अधिकारीले निजलाई बुझी विवाह दर्ता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बुझ्दा अर्को पक्षले विवाह दर्ता गर्न असहमति जनाएमा सम्बन्धित अधिकारीले विवाह दर्ता नगरी अदालतबाट निर्णय भए बमोजिम हुने जानकारी निवेदकलाई दिनु पर्नेछ।

(७) यस दफा बमोजिमको विवाह दर्ता सम्बन्धी विवरणको अभिलेख सम्बन्धित अधिकारीले सुरक्षित राख्नु पर्नेछ।

(८) यो ऐन प्रारम्भ हुनु अघि विवाह भइसकेका र विवाह दर्ता नगरेका दम्पतिले चाहेमा यस दफा बमोजिम विवाह दर्ता गराउन सक्नेछन्।

तर त्यसरी विवाह दर्ता नगराएको कारणले मात्र त्यस्तो दम्पतिको विवाहले कानूनी मान्यता नपाएको मानिने छैन।

८२. वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने

देहायका कुनै अवस्थामा पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिनेछ :-

(क) दफा ७२ वा ७३ बमोजिम विवाह बदर भएमा,

(ख) कानून बमोजिम पति पत्नीको सम्बन्ध विच्छेद भएमा,

(ग) पत्नीले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा।

८३. पुनः विवाह गर्न सक्ने

यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ :-

(क) दफा ८२ बमोजिम पति पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएमा,

(ख) पति वा पत्नीको मृत्यु भएमा,

(ग) पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा।

८४. हदम्याद

यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ।

भाग ३

परिच्छेद ३ : सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था

९३. दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न सक्ने

पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन्।

९४. पतिले सम्बन्ध विच्छेद गर्न सक्ने

पतिले देहायका कुनै अवस्थामा पत्नीको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछ :-

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
(घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा।

९५. पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने

पत्नीले देहायका कुनै अवस्थामा पतिको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछिन्:-
(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
(घ) पतिले अर्को विवाह गरेमा,
(ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
(च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

९६. सम्बन्ध विच्छेदको लागि निवेदन दिनु पर्ने

सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्नेछ।

९७. पति पत्नीको मेलमिलाप गराउनु पर्ने

दफा ९६ बमोजिम सम्बन्ध विच्छेदको लागि निवेदन परेमा अदालतले दुवै पक्षलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराउनु पर्नेछ।

९८. सम्बन्ध विच्छेद गरिदिनु पर्ने

दफा ९७ बमोजिम सम्झाउँदा बुझाउँदा पनि पति पत्नी बीच मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद हुन उपयुक्त देखेमा अदालतले निजहरूको सम्बन्ध विच्छेद गरिदिनु पर्नेछ।

तर दफा ९७ बमोजिम पति र पत्नी बीच मेलमिलाप गराउन अदालतले सम्झाउँदा बुझाउँदा पनि पति र पत्नीले मञ्जुर नगरेमा निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराई दिन पर्नेछ।

९९. सम्बन्ध विच्छेद गर्नु अघि अंशबण्डा गर्नु पर्ने

(१) पतिको कारणबाट पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउनु पर्नेछ।

(२) दफा ९५ को खण्ड (ख), (ग), (घ), (ङ) वा (च) बमोजिमको आधारमा पत्नीले सम्बन्ध विच्छेदको लागि निवेदन गरेकोमा उपदफा (१) को प्रयोजनको लागि पतिको कारणबाट सम्बन्ध विच्छेद हुने अवस्था भएको मानिने छ।

(३) सगोलको सम्पत्ति पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा रहेछ भने सम्बन्ध विच्छेद हुनु अघि निजहरू बीच कानून बमोजिम त्यस्तो सम्पत्तिको अंशबण्डा गर्नु पर्नेछ।

(४) सम्बन्ध विच्छेद हुने पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले दुवै पक्षबाट अंशियार खुलाउन लगाई र अंशबण्डा गर्ने अन्य अंशियार भएमा त्यस्ता अंशियारलाई समेत बुझ्नु पर्ने भए बुझी निजहरूबाट अंशको फाँटवारी माग गरी पति पत्नीको अंश छुट्याई अंशबण्डा गराई दिनु पर्नेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिम अंशबण्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति पत्नी बीच सम्बन्ध विच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्नेछ।
तर त्यसरी अंशबण्डा नहुँदै त्यस्ती महिलाले अर्को विवाह गरेमा अंश पाउने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९४ को खण्ड (ख), (ग) वा (घ) बमोजिमको आधारमा सम्बन्ध विच्छेदको लागि निवेदन गरेकोमा पत्नीलाई यस परिच्छेद बमोजिम अंश दिन वा खर्च भराउन पति बाध्य हुने छैन।

१००. एकमुष्ठ रकम वा खर्च भराई दिन सक्ने

दफा ९९ मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई पतिसँग एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम वा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा त्यस्ती पत्नीलाई एकमुष्ठ रकम दिलाई दिन वा वार्षिक वा मासिक रूपमा रकम वा खर्च भराई दिन सक्नेछ।
तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो रकम वा खर्च दिनु पर्ने छैन।

१०१. खान लगाउने खर्च भराई दिन सक्ने

दफा ९९ बमोजिम अंशबण्डा गर्नु पर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ।
तर,

(१) त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनु पर्ने छैन।

(२) पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनु पर्ने छैन।

१०२. सहमति बमोजिम हुने

यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा पत्नीले पाउने अंश वा खर्चको सम्बन्धमा पति पत्नी बीच कुनै लिखित सहमति भएकोमा सोही बमोजिम हुनेछ।
तर नाबालकको हित विपरीत हुने गरी कुनै सहमति गर्न सकिने छैन।

१०३. अघिल्लो सन्तान वा पतिले सम्पत्ति पाउने

सम्बन्ध विच्छेद गरेकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोरा, छोरी भए त्यस्ता छोरा, छोरीले र छोरा, छोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माइतीपट्टिका हकवालाले पाउनेछ।

१०४. हदम्याद

यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४/ नियमावली २०६५

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रस्तावना

मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,
व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

परिच्छेद १: प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले दफा १३ बमोजिम स्थापित पुनर्स्थापना केन्द्र सम्झनु पर्दछ।

(ग) "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग भिक्ने कार्य समेतलाई जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

परिच्छेद २: कसूर र अनुसन्धान सम्बन्धी व्यवस्था

३. मानव बेचबिखन र ओसारपसार गर्न नहुने

(१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।

४. मानव बेचबिखन र ओसारपसार गरेको मानिने

(१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछः

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग भिक्ने,

(घ) वेश्यागमन गर्ने।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछः

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने।

५. उजुर गर्ने

(१) दफा ३ बमोजिमको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ।

६. बयान प्रमाणित गराउने

(१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसूरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ।

७. पक्राउ गर्न वा खानतलासी लिन सकिने

(१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछः

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा त्यस्तो प्रहरी कर्मचारीले सम्भव भएसम्म स्थानीय तह[१]का प्रतिनिधि समेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरूको रोहबरमा गर्नु पर्नेछ र सोको मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ पूर्जी बिना पक्राउ गरिएकोमा पक्राउ परेको व्यक्ति सहित त्यस्तो पक्राउको स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।[२]

८. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने[३]

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसूरमा बाहेक यस ऐन अर्न्तगत अन्य कसूर सम्बन्धि मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ।

९. प्रमाणको भार

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफुले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ।

---

१. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
२. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।
३. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१०. कानून व्यवसायी राख्न सक्ने[४]

यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ।

११. दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने[५]

यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ।

त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकम मध्ये तोकिए बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ।

परिच्छेद ३ : उद्धार, पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी व्यवस्था

१२. उद्धार सम्बन्धी कार्य

कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ।

१२क. पारस्परिक कानूनी सहायता आदन प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्नेः दफा १२ बमोजिम उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तरगत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा नेपाल सरकारले प्रचलित कानून बमाजिम पारस्परिक कानूनी सहायता प्राप्त गर्नको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।[६]

१३. पुनर्स्थापना केन्द्र

(१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ।

(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ।[७]

(१ख) नेपाल सरकारले स्थापना गरेका पुर्नस्थापना केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ।[८]

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ।

---

४. ऐ.
५. ऐ.
६. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।
७. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।
८. ऐ.

(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ।[९]

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ।

(४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ।

(५) केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ।

(६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन।

(७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. पुनर्स्थापन कोष

(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसूरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमाजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ।[१०]

(१क) दफा १३ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका पुनर्स्थापना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम पुनर्स्थापना कोष स्थापना गर्न सक्नेछन्।[११]

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम।

(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ।

परिच्छेद ४ : दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१५. दण्ड सजाय

(१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिबाना,

---

९. ऐ.

१०. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

११. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना।

(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,-

(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना।

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद,

(ज) मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछः

(क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसूर गरे बापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय।

(३) दफा ३ बमोजिमको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरे बापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ।

(४) कसैले दफा ३ बमोजिमको कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय हुनेछ।

(५) कसैले दफा ३ बमोजिमको कसूर पुनः गरेमा प्रत्येक पटक कसूर गरे बापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफुले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारबाही चलिसकेपछि सो सम्बन्धी तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ।[१२]

१६. सजाय नहुने

आफुलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग गरेरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट माग्न, उम्कन, ज्याउन जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन।[१३]

१७. क्षतिपूर्ति

(१) अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिम पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ।[१४]

(२) उपदफा (१) वा (१क) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ।[१५]

---

१२. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१३. ऐ.

१४. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

१५. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ।

परिच्छेद ५ : विविध

१८. सम्पत्ति जफत हुने

(१) कसैले यस ऐन अन्तर्गतको कसूरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ।

(२) कसैले यस ऐन अन्तर्गतको कसूर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ।

१९. पुरस्कार

(१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरूलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ।

२०. सुराकीको विवरण गोप्य राख्नु पर्ने

दफा १९ को उपदफा (१) बमोजिम सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ।

२१. सजायको माग दाबीमा छुट

(१) यस ऐन बमोजिमको कसूर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मातियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ।
तर, निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन सकिने छैनः

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको।

२२. दाबी गर्न सक्ने

यस ऐन बमोजिमको कसूरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दाबी लिन सक्नेछ।

२३. समिति गठन गर्न सक्ने

(१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुर्नस्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२४. बाधा विरोध गर्नेलाई सजाय हुने

कसैले यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२५. प्रचार प्रसार गर्न नहुने

(१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२६. सुरक्षाको व्यवस्था

दफा ५ बमोजिम उजुर गर्ने ब्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको वकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा[१६] कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछः

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने।

२६क. साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनु पर्ने

(१) यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित

१६. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ।[१७]

(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अर्न्तगतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज वहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

२७. बन्द इजलासमा कारबाही हुने

(१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्।

२८. सरकार वादी हुने

यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

२९. नियम बनाउने अधिकार

यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

३०. खारेजी र बचाउ

(१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछन्।

---

१७. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यी नियमहरूको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "राष्ट्रिय समिति" भन्नाले नियम ३ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "जिल्ला समिति" भन्नाले नियम ५ बमोजिमको समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ।

३. राष्ट्रिय समितिको गठन:

(१) ऐनको दफा २३ बमोजिमको राष्ट्रिय समितिमा देहायका अध्यक्ष र सदस्य रहने छन्:

(क) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय- अध्यक्ष

(ख) सहसचिव, श्रम मन्त्रालय - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(ङ) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(छ) मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरू मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेको तीन जना महिला- सदस्य

(ज) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला- सदस्य

(झ) सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय- सदस्य–सचिव

(२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरूको पदावधि चार वर्ष हुनेछ।

(३) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (झ) बमोजिमको सदस्यमा सम्बन्धित निकायले उपलब्ध भएसम्म महिलालाई मनोनयन गर्नु पर्नेछ।

४. राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार

(१) राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने,

(घ) नेपाल सरकारले दिएको निर्देशन बमोजिम केन्द्रले गरेको काम कारबाहीको अनुगमन गर्ने गराउने तथा आवश्यक निर्देशन दिने,

(ङ) जिल्ला समितिको काम कारबाहीको समन्वय तथा अनुगमन गर्ने,
(च) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने,
(छ) नेपाल पक्ष भएका मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौता अन्तर्गतका दायित्वहरू कार्यान्वयनको अनुगमन गर्ने,
(ज) सीपमूलक तालीम लिएका व्यक्ति मध्ये बीउ पूँजी (सिडमनी) उपलब्ध गराउने सम्बन्धी मापदण्ड बनाइ लागू गर्ने,
(झ) केन्द्र सञ्चालन निर्देशिका बनाई जारी गर्ने ।

(२) राष्ट्रिय समितिले उपनियम (१) को खण्ड (ग) बमोजिम उद्धार कार्य गर्दा संघ संस्थाहरूसँग समन्वय गरी गर्नेछ।

(३) ऐन तथा यस नियमावली बमोजिम गरिने उद्धारसँग सम्बन्धित सम्पूर्ण कार्यको अभिलेख राखिनेछ। यसरी अभिलेख राख्दा उद्धार गरिएका व्यक्तिको पहिचान र विवरण गोप्य रहनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकार प्राप्त निकायबाट माग गरेका अवस्थामा त्यस्तो अभिलेख उपलब्ध गराउन सकिनेछ।

(५) राष्ट्रिय समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

५. बैठक सम्बन्धी कार्यविधि

(१) राष्ट्रिय समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा राष्ट्रिय समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बैठकको अध्यक्षता राष्ट्रिय समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ। बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(४) बैठक सम्वन्धी अन्य कार्यविधि राष्ट्रिय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. जिल्ला समितिको गठन

(१) ऐनको दफा २३ बमोजिमको जिल्ला समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन्:

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष
(ख) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय - सदस्य
(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य
(घ) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा जिल्लामा कार्यरत व्यक्ति वा संस्थाहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारा मनोनीत तीन जना महिला - सदस्य
(ङ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति- सदस्य
(च) महिला विकास अधिकृत - सदस्य-सचिव

(२) जिल्ला समितिमा जिल्ला विकास समितिको सभापति आमन्त्रित सदस्यको रुपमा रहनेछ।

७. जिल्ला समितिको काम, कर्तव्य र अधिकार

(१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ख) स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठन गरी परिचालन गर्ने,

(ग) राष्ट्रिय समितिले दिएको निर्देशन बमोजिम जिल्लास्थित पुर्नस्थापना केन्द्रको अनुगमन गर्ने,

(घ) मानव बेचबिखन तथा ओसापसार विरुद्ध जनचेतना अभिबृद्धि गराउने,

(ङ) राष्ट्रिय समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,

(च) जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने,

(छ) मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध जिल्लामा कार्यरत संघसंस्थाहरू बीच समन्वय गर्ने,

(ज) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय समितिमा पठाउने।

(२) जिल्ला समितिको सदस्य-सचिवले ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको विवरण समितिको बैठकमा पेश गर्नु पर्नेछ।

८. बैठक सम्बन्धी कार्यविधि

(१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा जिल्ला समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बैठकको अध्यक्षता जिल्ला समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ। बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. उजुर गर्ने व्यक्तिको गोप्यता

(१) ऐनको दफा ३ बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन अनुरोध गरेमा उजुरकर्ताको काल्पनिक नाम राखी उजुर दर्ता गर्ने व्यवस्था उजूर दर्ता गर्ने प्रहरी कार्यालयले मिलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गोप्य राखिएको नाम अनुसन्धान, अभियोजन र न्याय निरोपणको सिलसिलामा माग भएको अवस्थामा बाहेक कसैले खुलासा गर्नु हुँदैन।

१०. दोभाषे वा अनुवादक सम्बन्धी व्यवस्था

(१) जिल्ला समितिले अड्डा अदालतको काम कारबाहीको भाषा अनुवाद गर्न सक्ने विज्ञ वा दोभाषेको सूची तयार गरी अद्यावधिक गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूची तयार गर्दा जिल्ला समितिले सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक व्यक्तिहरूको दक्षताको आधारमा गर्नेछ।

(३) अड्डा अदालतको काम कारबाहीको भाषा नबुझ्ने पीडितले दोभाषे वा अनुवादक राख्नु पर्ने भएमा पीडितले जिल्ला समिति समक्ष अनुरोध गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम पीडितले अनुरोध गरेमा जिल्ला समितिले उपनियम (१) बमोजिमको सूचीमा नाम समावेश भएका व्यक्तिहरू मध्येबाट पीडितले चाहेको व्यक्तिलाई दोभाषे वा अनुवादकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ।

११. केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

(१) जिल्ला समितिले पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन केन्द्रको स्थापना र सञ्चालन गर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थापना भएका केन्द्रको व्यवस्थापन निश्चित अवधिका लागि शर्तहरू तोकी करारमा जिल्ला समितिले निजी वा गैरसरकारी संस्थालाई दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम व्यवस्थापन करारमा दिँदा केन्द्रलाई बढी आर्थिक र प्राविधिक योगदान दिने संस्थालाई प्राथमिकता दिनु पर्नेछ।

(४) ऐनको दफा १३ को उपदफा (२) बमोजिम केन्द्र स्थापना र सञ्चालन गर्न चाहने संस्थाले देहायका विवरण खोली अनुसूची-१ बमोजिमको ढाँचामा जिल्ला समितिसमक्ष निवेदन दिनु पर्नेछः

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पूर्वाधारको विवरण,

(ग) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,

(घ) आर्थिक श्रोतको विवरण।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी नियम १२ बमोजिमको पूर्वाधार तथा सुविधा भएको वा हुन सक्ने देखिएमा जिल्ला समितिले त्यस्तो संस्थालाई केन्द्रको स्थापना र सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा स्वीकृतिको प्रमाणपत्र दिनेछ।

(६) यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालन भई रहेका केन्द्रका सञ्चालकले छ महिनाभित्र यस नियम बमोजिम स्वीकृति लिनु पर्नेछ।

(७) जिल्ला समितिले यस नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने वा नियम १२ मा तोकिएको मापदण्ड पूरा नगर्ने वा राष्ट्रिय समिति वा जिल्ला समितिले दिएको निर्देशन पालना नगर्ने केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्बन गर्न वा स्वीकृति रद्द गर्न सक्नेछ। यसरी केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका दिनु पर्नेछ।

१२. केन्द्रको व्यवस्थापन

(१) केन्द्र सञ्चालन गर्ने संस्थाले केन्द्रको व्यवस्थापनका लागि एक व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिको कुल संख्यामध्ये कम्तीमा पचास प्रतिशत महिला हुनु पर्नेछ।

(३) केन्द्रले आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) केन्द्रमा रहेका प्रत्येक पीडितहरूको छुट्टा छुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ

१३. केन्द्रको सञ्चालन मापदण्ड

(१) ऐन तथा यस नियमावली बमोजिम स्थापना हुने केन्द्रले देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः

(क) पीडितलाई राख्न न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) पीडितलाई मनोसामाजिक विमर्श र स्वास्थ्य सेवा समेतको परामर्श सेवा उपलब्ध गराउन सक्ने,

(ग) पीडितलाई आवश्यकता अनुसार औषधोपचारको सेवा प्रदान गर्न वा सोको प्रवन्ध गर्न सक्ने,

(घ) पीडितलाई आवश्यकता अनुसार कानूनी सेवा प्रदान गर्न वा सोको प्रवन्ध गर्न सक्ने,

(ङ) पीडितलाई शिक्षाको आवश्यक प्रवन्ध गर्न सक्ने।

(२) केन्द्रले नियम ४ को उपनियम (१) को खण्ड (झ) बमोजिम जारी भएको पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका पालना गर्नु पर्नेछ।

१४. केन्द्रको अनुगमन

(१) ऐन तथा यस नियमावली बमोजिम केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा राष्ट्रिय समितिले आवश्यकता अनुसार र जिल्ला समितिले कम्तीमा छ महिनाको एक पटक निरीक्षण र अनुगमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण र अनुगमन गर्न खटिएको पदाधिकारीले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित समितिसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ। जिल्ला समितिले आफूसमक्ष प्राप्त अनुगमन प्रतिवेदन राष्ट्रिय समितिमा पठाउनु पर्नेछ।

१५. सीपमूलक तालीम

(१) केन्द्रले राष्ट्रिय समिति तथा जिल्ला समितिसँग समन्वय गरी केन्द्रमा रहेका पीडितहरूका लागि सीपमुलक तालीमको व्यवस्था गर्नुपर्नेछ।

(२) नियम ४ को उपनियम (१) को खण्ड (ज) बमोजिम लागू भएको मापदण्डको आधारमा जिल्ला समितिले तालीमप्राप्त व्यक्तिहरूको छनौट गरी निजहरूलाई बीउ पूँजी (सिड मनी) उपलब्ध गराउन वा यस्तो पुँजी उपलब्ध गराउन सक्ने बैंक वा वित्तीय संस्था वा कार्यक्रमसँग समन्वय गरिदिनेछ।

(३) यस नियम बमोजिम तालीमप्राप्त व्यक्तिहरूलाई केन्द्रले रोजगार बजार सम्बन्धी सूचना प्रवाह तथा रोजगारीको लागि सहजीकरण गर्नु पर्नेछ।

१६. पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन

(१) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरूको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेलसम्मका लागि केन्द्रमा राख्ने व्यवस्था गरिनेछ।

(२) उपनियम (१) बमोजिमका व्यक्तिहरूलाई केन्द्रले निजको घर परिवारको खोजतलास गरी परिवारिक पुनर्मिलन गराउनु पर्नेछ। केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नेछ।

(३) उपनियम (१) बमोजिम तत्कालका लागि केन्द्रमा राखिएका पीडितलाई छ महिना भन्दा बढी अवधि केन्द्रमा राखिने छैन।

तर उद्धार गरिएको व्यक्ति नाबालिग रहेछ भने निजलाई वैकल्पिक व्यवस्था गरी बालबालिकाका निम्ति स्थापित केन्द्रमा स्थानान्तरण गरिनेछ।

१७. पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालन

(१) केन्द्रीय स्तरको पुनर्स्थापना कोष राष्ट्रिय समिति अन्तर्गत रहनेछ।

(२) राष्ट्रिय समितिले जिल्ला समिति अन्तर्गत रहने गरी आवश्यकता अनुसार पुर्नस्थापना कोषको स्थापना गर्न सक्नेछ।

(३) पुनर्स्थापना कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पीडितको उद्धार र पुनर्स्थापना गर्नमा मात्र खर्च गरिनेछ।

(४) जिल्ला स्तरको कोषमा केन्द्रीय स्तरको कोषको रकम मध्येबाट राष्ट्रिय समितिले तोकेको रकम र जिल्ला समितिले स्थानीय स्तरमा प्राप्त रकम रहनेछ।

(५) राष्ट्रिय स्तरको पुनर्स्थापना कोषको खाता सञ्चालन राष्ट्रिय समितिको सदस्य–सचिव र मन्त्रालयको आर्थिक शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(६) जिल्ला स्तरको पुनर्स्थापना कोषको खाता सञ्चालन जिल्ला समितिको सदस्य–सचिव र महिला विकास शाखाको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

१८. केन्द्र बन्द गर्ने सम्बन्धी व्यवस्था

(१) सञ्चालनमा रहेको केन्द्र बन्द गर्नु परेमा सोही व्यहोरा खुलाई केन्द्रले जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन दिँदा उक्त केन्द्रमा बसी पुनर्मिलन तथा पुनर्स्थापना भएका सम्पूर्ण पीडितहरूको व्यक्तिगत विवरण समेत सम्लग्न गर्नु पर्नेछ। तर त्यसरी निवेदन दिँदा केन्द्रमा रहेका सम्पूर्ण पीडितहरूको पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापनको व्यवस्था गरिसकेको हुनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा जिल्ला समितिले आवश्यक जाँचबुझ गरी आफ्नो लगतबाट सो केन्द्रको नाम कट्टा गर्नेछ।

१९. आचारसंहिता पालना गर्नु पर्ने

केन्द्रले जिल्ला समितिले तोकेको मापदण्डका आधारमा केन्द्रका व्यवस्थापन समितिका पदाधिकारी तथा सेवा प्रदान गर्ने अन्य व्यक्तिले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नेछ।

२०. अनुसूचीमा हेरफेर तथा थपघट

मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६/ नियमावली २०६७

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

प्रस्तावना

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ .....।[१]

(ख) "घरेलु सम्बन्ध" भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको

१. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

सम्बन्ध सम्झनु पर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ।[२]

(ग) "शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ।[३]

(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक वा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ।[४]

(ङ) "यौनजन्य यातना" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनुपर्छ।

(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ।[५]

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति सम्झनुपर्छ।

(ज) "पीडक" भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निर्जविरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ।

---

२. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

३. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

४. ऐ.

५. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

झ) "प्रहरी कार्यालय" भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनुपर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ।

(ञ) "स्थानीय तह"[६] भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको गाउँपालिका[७] वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ।

(ट) "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत सम्झनु पर्छ।[८]

(ट१) "उजूरी" भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजूरी सम्झनु पर्छ र सो शब्दले दफा ५क. बमोजिम दिइने जाहेरी दरखास्त समेतलाई जनाउँछ।[९]

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. घरेलु हिंसा गर्न गराउन नहुने

(१) कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।

४. उजुरी गर्ने

(१) घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह[१०] समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ।

---

६. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

७. ऐ.

८. मिति २०६६।४।२६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाले सम्बन्धित जिल्ला अदालतलाई अदालत तोकेको ।

९. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

१०. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(३) राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुनेछ।

(४) प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(५) स्थानीय तह[११]मा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्नेछ। स्थानीय निकायले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

(७) उजुरी[१२]को प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराईदिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ। यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ।

(१०) प्रहरी कार्यालय वा स्थानीय तह[१३]ले उजुरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ।

(११) उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरूबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय तह[१४]ले

---

११. ऐ.

१२. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१४. ऐ.

उजुरीकर्ताको सहमति भएमा उपदफा (८) बमोजिमको म्याद समाप्त भएको मितिल पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्नेछ।

(१२) उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तव्य हुनेछ।

५. अदालतले कारबाही गर्ने

(१) दफा ४ को उपदफा (११) बमोजिम उजुरी प्राप्त भएमा अदालतले सोही उजुरीको आधारमा यस ऐन बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ।

(२) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले चाहेमा सोझै अदालतमा उजुरी दिन सक्नेछ।

५क. जाहेरी दिन सक्ने[१५]

(१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्नेछ।

६. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने

(१) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछः

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न,

---

१५. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

(घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(ङ) पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(च) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

(२) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई उपदफा (१) बमोजिमको कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले सो उपदफा बमोजिमको कुनै आदेश दिन सक्नेछ।

६क. कानून व्यवसायी राख्न सक्ने[१६]

यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ।

७. बन्द इजलासमा सुनुवाइ गर्ने

(१) पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्।

८. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने

यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

९. उपचारको रकम पीडकले व्यहोर्ने[१७]

(१) घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित स्थानीय तह[१८]ले तत्काल त्यस्तो खर्च उपलब्ध गराई .....[१९] त्यस्तो रकम पीडकबाट असूल गर्न वा गराउनु पर्नेछ।

---

१६. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

१७. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१८. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

१९. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार उराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित स्थानीय तह वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएको रकम पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ।

१०. क्षतिपूर्ति दिलाइदिने

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ।

११. सेवा केन्द्र

(१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ।

(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछन्।

(१ख) नेपाल सरकारले स्थापना गरेका सेवा केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता सेवा केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको सेवा केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ।[२०]

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ।

---

२०. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

(४) सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

(५) सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. सेवा कोष

(१) दफा ११ को उपदफा (१) बमोजिम स्थापना भएका सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्नेछ।

(१क) दफा ११ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम सेवा कोष स्थापना गर्न सक्नेछ।[२१]

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) सेवा कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ।

१२क. संरक्षण अधिकृत

स्थानीय तहले घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने काम समेतका लागि एकजना संरक्षण अधिकृत तोक्न सक्नेछ।[२२]

१३. सजाय

(१) कसैले अङ्गभङ्ग गरी वा तेजवा वा यस्तै प्रकारका अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।[२३]

---

२१. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

२२. ऐ.

२३. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(१क) कसैले उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।[२४]

(२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ।

(४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध[२५] यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ।

(५) कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

१४. हदम्याद

यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ।

१५. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने

यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुयाएको मानिने छैन।

१६. प्रचलित कानून बमोजिम हुने

यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. नियम बनाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

---

२४. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

२५. ऐ.

घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यी नियमहरूको नाम "घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उजुरी" भन्नाले ऐनको दफा ४ को उपदफा (१) वा दफा ५ को उपदफा (२) बमोजिम परेको उजुरी सम्झनु पर्छ।

(ख) "उजुरीकर्ता" भन्नाले उजुरी दिने व्यक्ति सम्झनु पर्छ।

(ग) "उजुरी सुन्ने निकाय" भन्नाले प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग, स्थानीय निकाय वा अदालत सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले नियम १३ बमोजिमको सेवा कोष व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ।

(छ) "स्वास्थ्य केन्द्र" भन्नाले अस्पताल, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी समेत सम्झनु पर्छ।

(ज) "सेवा केन्द्र" भन्नाले ऐनको दफा ११ बमोजिम स्थापना भएको सेवा केन्द्र सम्झनु पर्छ।

(झ) "सेवा कोष" भन्नाले ऐनको दफा १२ को उपदफा (१) बमोजिम स्थापना भएको सेवा कोष सम्झनु पर्छ।

३. उजुरी सम्बन्धी व्यवस्था

(१) कसैले घरेलु हिंसाका सम्बन्धमा उजुरी दिन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा उजुरी सुन्ने निकाय समक्ष उजुरी दिनु पर्नेछ।

(२) कसैले घरेलु हिंसाका सम्बन्धमा मौखिक उजुरी दिएकोमा उजुरी सुन्ने निकायले त्यस्तो मौखिक उजुरीलाई अनुसूची-१ बमोजिमको ढाँचामा लेखी लेखाई उजुरीकर्ताको सहीछाप गराउनु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम उजुरी प्राप्त भएमा उजुरी सुन्ने निकायले त्यस्तो उजुरी नियम ४ बमोजिमको दर्ता किताबमा दर्ता गरी उजुरीकर्तालाई अनुसूची-२ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ।

(४) कसैले घरेलु हिंसा सम्बन्धमा अदालत र अन्य उजुरी सुन्ने निकायमा समेत उजुरी दिएमा अदालतमा दिएको उजुरी उपर मात्र कारबाही गरिनेछ।

(५) कसैले घरेलु हिसा सम्बन्धमा अदालत बाहेक एक भन्दा बढी उजुरी सुन्ने निकायमा उजुरी दिएमा पीडितले रोजेको कुनै एक निकायको उजुरी उपर मात्र कारबाही गरिनेछ।

(६) घरेलु हिसा सम्बन्धमा पीडित र अन्य व्यक्ति दुवैको उजुरी परेमा पीडितले दिएको उजुरी उपर मात्र कारबाही गरिनेछ।

(७) उपनियम (४), (५) वा (६) बमोजिम कुनै एक उजुरी उपर मात्र कारबाही गर्नु पर्ने भएमा त्यस्तो उजुरी सुन्ने निकायले सो कुराको जानकारी सम्बन्धित उजुरी सुन्ने निकायलाई दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम जानकारी प्राप्त भएमा त्यस्तो उजुरी सुन्ने निकायले सो व्यहोरा उजुरी दर्ता किताबमा जनाई उजुरीको लगत कट्टा गर्नु पर्नेछ।

४. उजुरी दर्ता किताव

उजुरी सुन्ने निकायले उजुरी दर्ता गर्ने प्रयोजनको लागि अनुसूची-३ बमोजिमको ढाँचाको उजुरी दर्ता किताब राख्नु पर्नेछ।

५. पीडितसँग सोधपुछ गर्न सक्ने

(१) कुनै उजुरी पीडित बाहेक अन्य व्यक्तिले दिएको भए उजुरी सुन्ने निकायले आवश्यकतानुसार सम्बन्धित पीडितलाई आफू समक्ष झिकाई सोधपुछ गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको सोधपुछ सम्बन्धी कारबाही सम्बन्धित उजुरी सुन्ने निकायले गोप्य राख्न सक्नेछ।

६. स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था

(१) पीडकले पीडितलाई शारीरिक चोटपटक वा मानसिक यातना दिएको व्यहोरा उजुरीमा उल्लेख भएमा उजुरी सुन्ने निकायले त्यस्तो पीडितलाई तत्काल् स्वास्थ्य परीक्षणको लागि नजिकको वा पायक पर्ने अस्पताल वा स्वास्थ्य केन्द्रमा अनुरोध गरी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्वास्थ्य परीक्षणको लागि अनुरोध भई आएमा त्यस्तो अस्पताल वा स्वास्थ्य केन्द्रले तत्काल् पीडितको उपचार गरी जाँच लगायत स्वास्थ्य परीक्षण सम्बन्धी प्रतिवेदन सम्बन्धित उजुरी सुन्ने निकायलाई दिनु पर्नेछ।

७. सुरक्षा सम्बन्धी व्यवस्था

(१) उजुरी दिँदा वा उजुरीको कारबाहीको सिलसिलामा पीडकबाट पीडित वा निजसँग आश्रित अन्य कुनै व्यक्तिलाई थप शारीरिक चोटपटक वा मानसिक यातना हुन सक्ने सम्भावना

भएमा उजुरीकर्ताले त्यसको पर्याप्त र विश्वसनीय आधार खुलाई सुरक्षाको लागि उजुरी सुन्ने निकाय समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षा माग भएमा र उजुरीकर्ताको माग बमोजिम पीडित वा निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्नु पर्ने देखिएमा उजुरी सुन्ने निकायले त्यस्तो व्यक्तिको सुरक्षाको लागि नजिकको प्रहरी कार्यालय समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्तिलाई तत्काल देहाय बमोजिमको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछः

(क) पीडित वा निजसँग आश्रित व्यक्तिलाई अस्थायीरुपमा सुरक्षित स्थान वा सेवा केन्द्रमा बस्ने व्यवस्था मिलाउने,

(ख) पीडकबाट थप शारीरिक चोटपटक वा मानसिक यातना हुन नपाउने व्यवस्था गर्ने।

८. उजुरी सहितको मिसिल पठाउने

(१) ऐनको दफा ४ को उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा, पीडकलाई उपस्थित गराउन नसकिएमा वा पीडित र पीडक बीच मेलमिलाप हुन नसकेमा स्थानीय निकाय वा प्रहरी कार्यालयले ऐनको दफा ४ को उपदफा (११) बमोजिमको म्यादभित्र सोही व्यहोरा उल्लेख गरी अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित अदालत समक्ष उजुरी सहितको मिसिल पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उजुरी सहितको मिसिल प्राप्त भएमा अदालतले सो उजुरी उपर आवश्यक कारबाही र किनारा गरी सोको जानकारी त्यसरी उजुरी पठाउने स्थानीय निकाय वा प्रहरी कार्यालयमा दिनु पर्नेछ।

९. स्वीकृति लिनु पर्ने

(१) ऐनको दफा ११ को उपदफा (२) बमोजिम कुनै संस्थाले सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्तो संस्थाले नियम १० बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले सो संस्थालाई आवश्यक शर्त तोकी अनुसूची-६ बमोजिमको ढाँचामा सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृति दिनेछ।

१०. मापदण्ड पूरा गरेको हुनु पर्ने

सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्नको लागि मन्त्रालयले तोके बमोजिम देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना,

(ख) न्यूनतम स्वास्थ्य सेवा तथा सुरक्षाको व्यवस्था,

(ग) पीडितको लागि आवश्यकतानुसार मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र कानूनी सहायता उपलब्ध गराउने व्यवस्था,

(घ) पीडितलाई आर्थिक सहायता उपलव्ध गराउन सक्ने क्षमता,

(ङ) मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

११. निरीक्षण वा अनुगमन गर्ने

(१) सेवा केन्द्रको निरीक्षण वा अनुगमन मन्त्रालय आफैले गर्न वा मन्त्रालयले आफ्नो मातहतको कुनै निकाय वा कर्मचारीलाई सो कार्य गर्न आवश्यकता अनुसार खटाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम सेवा केन्द्रको निरीक्षण वा अनुगमन गर्न मन्त्रालयले आफ्नो मातहतको कुनै निकाय वा कर्मचारीलाई खटाएमा सो निकाय वा कर्मचारीले सो को प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सेवा केन्द्रको निरीक्षण वा अनुगमन गर्दा कुनै सेवा केन्द्रले नियम १० बमोजिम निधार्रित मापदण्ड पूरा नगरेको वा मन्त्रालयले तोकेको शर्तहरू पालना नगरेको देखिएमा मन्त्रालयले त्यस्तो मापदण्ड पूरा गर्न र शर्तहरू पालना गर्न सम्बन्धित सेवा केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित सेवा केन्द्रको कर्तव्य हुनेछ।

(५) उपनियम (३) बमोजिम दिइएको निर्देशन कुनै सेवा केन्द्रले पालना नगरेमा मन्त्रालयले त्यस्तो सेवा केन्द्रको स्वीकृति रद्द गर्न सक्नेछ।

तर त्यसरी स्वीकृति रद्द गर्नु अघि सम्बन्धित सेवा केन्द्रलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

१२. संरक्षण अधिकृतको व्यवस्था

(१) घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा समन्वय गर्ने कार्य समेतको लागि प्रत्येक महिला विकास कार्यालयमा एकजना महिला संरक्षण अधिकृत रहनेछ।

(२) उपनियम (१) बमोजिम संरक्षण अधिकृतको व्यवस्था नभएसम्म सम्बन्धित महिला विकास अधिकृतले संरक्षण अधिकृतको समेत काम गर्नेछ।

(३) उपनियम (१) बमोजिमको संरक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा जिल्लास्तरमा सम्पर्क विन्दुको रुपमा काम गर्ने,

(ख) उजुरी सुन्ने निकाय र सेवा केन्द्रसँग समन्वय कायम राख्ने,

(ग) पीडितलाई कानूनी सहायता प्रदान गर्ने,

(घ) पीडित र पीडकलाई आवश्यकतानुसार मनोविमर्श एवं मनोवैज्ञानिक सेवा उपलब्ध गराउने,

(ङ) घरेलु हिंसाको विवरण अध्यावधिक गर्ने,

(च) मन्त्रालयले तोकेका अन्य कार्यहरू गर्ने।

(४) पीडितलाई कानूनी सहायता प्रदान गर्ने प्रयोजनको लागि मन्त्रालयले आवश्यकता अनुसार कानूनी सहायता समिति गठन गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको कानूनी सहायता समितिको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ।

१३. समिति सम्बन्धी व्यवस्था

(१) सेवा कोषको व्यवस्थापन तथा सञ्चालन गर्नको लागि एक सेवा कोष व्यवस्थापन तथा सञ्चालन समिति रहनेछ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछः-

(क) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ङ) सहसचिव, स्थानीय विकास मन्त्रालय - सदस्य

(च) सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य

(छ) महानिर्देशक, महिला विकास विभाग - सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय महिला आयोग - सदस्य

(झ) प्रहरी नायव महानिरीक्षक, महिला बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय - सदस्य

(ञ) मन्त्रालयले तोकेको सेवा केन्द्रको एक जना प्रतिनिधि - सदस्य

(ट) उपसचिव (कानून), महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य- सचिव

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको प्रशासनिक खर्च सेवा कोषबाट व्यहोरिने छ।

तर सो खर्च सेवा कोषको कूल बजेटको दश प्रतिशत भन्दा बढि हुने छैन।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

१४. सेवा कोषको खाता सञ्चालन

(१) कोषलाई आवर्ति (रिभल्विङ्ग) कोषको रुपमा सञ्चालन गरिनेछ।

(२) सेवा कोषमा जम्मा भएको रकम समितिले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको सञ्चालन समितिले तोके बमोजिम हुनेछ।

१५. सेवा कोषको प्रयोग

सेवा कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गरिनेछः

(क) सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न,

(ख) पीडितको सुरक्षा तथा औषधि उपचार गर्न,

(ग) पीडितलाई कानूनी सहायता प्रदान गर्न,

(घ) पीडित र पीडकलाई आवश्यकतानुसार मनोविमर्श तथा मनोवैज्ञानिक सेवा प्रदान गर्न,

(ङ) घरेलु हिसां विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(च) घरेलु हिसां सम्बन्धी अन्य आवश्यक कार्यमा खर्च गर्न।

१६. सेवा कोषको लेखा र लेखापरीक्षण

(१) सेवा कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राखिनेछ।

(२) सेवा कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१७. चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

घरेलु हिंसा नियन्त्रणको लागि मन्त्रालय, अन्य सरकारी निकाय वा गैर सरकारी संस्थाले घरेलु हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछन्।

१८. विवरण अद्यावधिक राख्नु पर्ने

(१) उजुरी सुन्ने निकायमध्ये स्थानीय निकाय र प्रहरी कार्यालयले प्रत्येक बर्ष आफू समक्ष परेको उजुरी र सो उजुरी सम्बन्धी कारवाहीको विवरण मासिकरुपमा जिल्लास्थित महिला विकास कार्यालयमा पठाउनु पर्नेछ।

(२) सेवा केन्द्रले आफूले वर्षभरीमा पीडितलाई उपलब्ध गराएको सेवा लगायतका विवरण जिल्लास्थित महिला विकास कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम उजुरी सुन्ने निकाय र सेवा केन्द्रबाट प्राप्त भएका विवरण महिला विकास कार्यालयले मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम महिला विकास कार्यालयबाट प्राप्त भएको विवरण मन्त्रालयले अध्यावधिक गरी राख्नु पर्नेछ।

१९. अधिकार प्रत्यायोजन

मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने

मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

प्रस्तावना

सुरक्षित, स्वच्छ तथा मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उजूरी सुन्ने अधिकारी" भन्नाले दफा १४ बमोजिमको अधिकारी सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले कार्यस्थलमा कार्यरत कर्मचारी वा कामदार सम्झनु पर्छ।

(ग) "कार्यस्थल" भन्नाले देहायका निकाय, संस्था वा फर्म सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय, संस्था वा फर्मको कार्यसम्पादनको क्रममा प्रयोग हुने स्थल समेतलाई जनाउँछः-

(१) सरकारी निकाय,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,

(३) प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संगठित संस्था,

(४) कुनै व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था।

(घ) "यौनजन्य दुर्व्यवहार" भन्नाले दफा ४ बमोजिमको कुनै कार्य सम्झनु पर्छ।

(ङ) "व्यवस्थापक" भन्नाले कुनै कार्यस्थलको प्रशासनिक वा व्यावसायिक काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति वा सो प्रयोजनको लागि प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यस्थलको अन्यत्र शाखा तथा इकाई रहेको भए त्यस्तो शाखा वा इकाईको प्रमुख समेतलाई जनाउँछ।

(च) "सेवाग्राही" भन्नाले कुनै किसिमको सेवा प्राप्त गर्ने उद्देश्यले कार्यस्थलमा उपस्थित व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई जनाउँछ।

३. यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने

कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउनु हुँदैन।

४. यौनजन्य दुर्व्यवहार गरेको मानिने

(१) कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछः

(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा,

(ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा,

(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,

(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,

(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक, सूचनामूलक, अनुसन्धानमूलक, उपचार वा बचाउको सिलसिलामा गरिएको कुनै पनि काम कारबाहीलाई यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन।

५. व्यवस्थापकको दायित्व

(१) व्यवस्थापकले कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिन वा निवारण गर्नको लागि देहायका कार्यहरू गर्नु पर्नेछः

(क) कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनमा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ख) यौनजन्य दुर्व्यवहार हुन नदिन कर्मचारी तथा सेवाग्राहीलाई सजग गराउने,

(ग) यौनजन्य दुर्व्यवहार दोहोरिन नदिन आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गर्ने,

(घ) पिडितलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलब्ध गराउने,

(ङ) कार्यस्थलमा गुनासो पेटिका राख्ने।

(२) व्यवस्थापकले यौनजन्य दुर्व्यवहार विरुद्ध उजूरी गर्ने अवधि, कार्यविधि तथा उजूरी सुन्ने अधिकारीको सम्बन्धमा पीडितलाई स्पष्ट रुपमा जानकारी गराउनु पर्नेछ।

६. गुनासोको सुनुवाई

(१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो गरेमा व्यवस्थापकले सो सम्बन्धमा तुरुन्त छानविन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछः

(क) दुवै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराईदिन,

(ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन,

(ग) आरोपित व्यक्तिलाई त्यस्तो काम पुनः नगर्न सचेत गराउन,

(घ) आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिन,

(ङ) आरोपित व्यक्तिलाई सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न।

(४) व्यवस्थापकले उपदफा (१) बमोजिम गरिएको गुनासोको टुङ्गो गुनासो गरेको मितिले पन्ध्र दिनभित्र लगाउनु पर्नेछ।

७. उजूरी दिन सक्ने

(१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही

वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले नब्बे दिनभित्र प्रमाण सहित उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ।

(२) कुनै व्यवस्थापकले दफा ६ बमोजिम गरेको गुनासो निधार्रित अवधिभित्र टुङ्गो नलगाएमा त्यस्तो अवधि समाप्त भएको मितिले र सो दफा बमोजिम व्यवस्थापकले गरेको निर्णय उपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले सत्तरी दिनभित्र पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैवा आरोपित व्यक्तिलेउजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ।

(३) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेमा वा दफा ९ वा ११ बमोजिम उजूरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गराउनेनिकायले दिएको निर्देशनको पालना नगरेमा सरोकारवाला व्यक्तिले उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ।

८. मिलापत्र गर्न सक्ने

(१) यौनजन्य दुर्व्यवहारबाट पीडित र आरोपित दुवै पक्षले चाहेमा मिलापत्रको लागि उजूरी सुन्ने अधिकारी समक्ष संयुक्त निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम मिलापत्रको लागि संयुक्त निवेदन परेमा उजूरी सुन्ने अधिकारीले सो सम्बन्धमा पक्षहरूसँग आवश्यक परामर्श गरी मिलापत्र गराईदिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम मिलापत्र गर्दा कुनै प्रकारको दस्तुर लाग्ने छैन।

९. उजूरीकर्ताको संरक्षण

(१) यस ऐन बमोजिम उजूरी गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, अन्य विभागीय कारबाही गर्न वा निजको सरुवा, बढुवा लगायतका वृत्ति विकासमा असर पर्ने गरी कुनै किसिमको कारबाही गर्न पाउने छैन।

(२) व्यवस्थापकले उपदफा (१) विपरीत कुनै कर्मचारी उपर कुनै किसिमको कारबाही गरेमा त्यस्तो कर्मचारीले सो व्यहोरा खुलाई उजूरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन छानविन गर्दा निवेदनको व्यहोरा मनासिव देखेमा उजूरी सुन्ने अधिकारीले त्यस्तो निर्णय बदर गर्न वा सच्याउन सम्बन्धित व्यवस्थापकलाई आदेश दिनेछ।

(४) उपदफा (३) बमोजिम उजूरी सुन्ने अधिकारीबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले पुनरावेदन गर्ने म्याद नाघेको वा पुनरावेदन परेकोमा सो उपर निर्णय भएको पन्ध्र दिनभित्र त्यस्तो आदेश कार्यान्वयन गर्नु पर्नेछ।

(५) यस ऐन बमोजिम उजूरी गरेको कारणबाट कुनै कर्मचारीले कार्यस्थलमा कुनै किसिमको असुरक्षा महसुस गरेमा त्यस्तो कर्मचारीले सुरक्षाको लागि व्यवस्थापक समक्ष निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै निवेदन प्राप्त भएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई कार्यस्थलमा सुरक्षाको उचित व्यवस्था गर्नु पर्नेछ।

(७) व्यवस्थापकबाट उपदफा (५) बमोजिम निवेदन दिने कर्मचारीलाई सुरक्षाको व्यवस्था नभएमा वा व्यवस्थापक आफै आरोपित पक्ष भएमा त्यस्तोकर्मचारीले स्थानीय सुरक्षा निकाय समक्ष सुरक्षाको माग गर्न सक्नेछ र त्यसरी सुरक्षा माग भएमा सुरक्षा निकायले समेत निजको सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ।

(८) यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएको कुनै कर्मचारीलाई सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई आफैंले सरुवा गर्न सक्नेमा आफैले अन्यत्र सरुवा गर्नु पर्नेछ र अन्य अधिकारी वा निकायबाट सरुवा गर्नु पर्ने भएमा सरुवाको लागि त्यस्तो अधिकारी वा निकायमा लेखी पठाउनु पर्नेछ।

१०. निरीक्षण तथा अनुगमन गर्न गराउन सक्ने

व्यवस्थापकले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आचार संहितामा उल्लिखित दायित्व तथा अन्य व्यवस्थाको पालना गरे नगरेको सम्बन्धमा राष्ट्रिय महिला आयोग वा व्यवस्थापक कार्यरत रहे भन्दा माथिल्लो तहको निकायले कार्यस्थलको निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ।

११. प्रतिवेदन पेश गर्नु पर्ने

(१) दफा १० बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएको व्यक्तिले निरीक्षण तथा अनुगमनको कार्य समाप्त भएपछि देहायका कुराहरू खुलाई सम्बन्धित निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछः

(क) सम्बन्धित व्यवस्थापकले पूरा गरे वा नगरेको दायित्व वा अन्य व्यवस्था,

(ख) सम्बन्धित व्यवस्थापकलाई दायित्व वा अन्य व्यवस्था पूरा गर्न ध्यानाकर्षण गराइएको विषय, र

(ग) अन्य आवश्यक कुराहरू।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन जाँचबुझ गर्दा कुनै व्यवस्थापकले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आचार संहितामा उल्लिखित दायित्व वा अन्य व्यवस्था पालना गरेको नदेखिएमा निरीक्षण तथा अनुगमन गर्ने गराउने निकायले सम्बन्धित व्यवस्थापकलाई त्यस्तो दायित्व वा व्यवस्था पालना गर्न निर्देशन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवस्थापकको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा कुनै निकायबाट नीतिगत निर्णय गर्नु पर्ने देखिएमा निरीक्षण तथा अनुगमन गर्ने गराउने निकायले आवश्यक नीतिगत निर्णयको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ।

तर त्यस्तो नीतिगत निर्णय आफैले गर्नु पर्ने विषय भएमा निर्णयकोलागि आवश्यक कारबाही प्रारम्भ गर्नु पर्नेछ।

१२. सजाय

(१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेको ठहरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) दफा ९ वा ११ बमोजिम उजूरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गर्ने गराउने निकायले दिएको निर्देशन कुनै व्यवस्थापकले पालना नगरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) यस दफा बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुनः गरेमा निजलाई पटकै पिच्छे दोब्बर सजाय हुनेछ।

(५) कसैले यस ऐन बमोजिम जानी जानी झुट्टा उजूरी दिएको ठहरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(६) यस दफा बमोजिम कुनै कर्मचारी वा व्यक्तिले सजाय पाएमा उजूरी सुन्ने अधिकारीले त्यसको जानकारी सम्बन्धित निकायलाई गराउनुपर्नेछ।

१३. क्षतिपूर्ति तथा रकम भराई दिनु पर्ने

यस ऐन बमोजिम परेको उजूरी छानविन गर्दा आरोपित व्यक्तिले यौनजन्य दुर्व्यवहार गरेको ठहरिएमा उजूरी सुन्ने अधिकारीले त्यस्तो व्यक्तिलाई दफा १२ बमोजिम सजाय गरी निजबाट पीडितलाई देहाय बमोजिमको क्षतिपूर्ति वा रकम भराई दिनु पर्नेछः

(क) शारीरिक वा मानसिक रुपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षति बापत मनासिव माफिकको क्षतिपूर्ति,

(ख) उजूरी गर्दा वा उजूरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च।

१४. उजूरी सुन्ने अधिकारी

(१) यस ऐन बमोजिमको उजूरीको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रमुख जिल्ला अधिकारी विरुद्धको उजूरीको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई हुनेछ।

१५. उजूरी सुनुवाई सम्बन्धी कार्यविधि

(१) उजूरी सुन्ने अधिकारीले दफा ७ बमोजिम पर्न आएको उजूरीको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(२) पीडितले लिखित रुपमा अनुरोध गरेमा उजूरी सुन्ने अधिकारीले उजूरीको सुनुवाई बन्द इजलासमा गर्नु पर्नेछ।

१६. पुनरावेदन

यस ऐन बमोजिम उजूरी सुन्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१७. फैसला वा मिलापत्रको कार्यान्वयन

(१) यस ऐन बमोजिम भएको फैसला वा मिलापत्रको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित व्यवस्थापकको हुनेछ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम फैसला वा मिलापत्रको कार्यान्वयन नगरेमा सम्बन्धित उजूरीकर्ताले सोही व्यहोरा खुलाई उजूरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा उजूरी सुन्ने अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो फैसला वा मिलापत्रको कार्यान्वयन गराईदिनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित व्यक्ति व्यवस्थापक भएमा उजूरी सुन्ने अधिकारी आफैंले साठी दिनभित्र फैसला वा मिलापत्रको कार्यान्वयन गर्नेछ।

१८. तालीमको पाठ्यक्रममा समावेश गर्ने

तालीम दिने प्रत्येक निकायले यौनजन्य दुर्व्यवहार र सोको निवारण सम्बन्धी विषयलाई तालीमको पाठ्यक्रममा समावेश गर्नु पर्नेछ।

१९. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने

यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन

२०. प्रचलित कानून बमोजिम हुने

यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. आचार संहिता बनाउन सक्ने

(१) यौनजन्य दुर्व्यवहारको निवारण गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक आचार संहिता बनाई लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएको आचार संहिताको अधीनमा रही प्रत्येक व्यवस्थापकले कार्यस्थलको प्रकृति अनुसार छुट्टै आचार संहिता बनाई लागू गर्नु पर्नेछ।

(३) उपदफा (१) तथा (२) बमोजिम बनाइएको आचार संहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२२. नियम बनाउने अधिकार

यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

प्रस्तावना

कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रुपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

परिच्छेद १ : प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "पीडक" भन्नाले बोक्सीको आरोप सम्बन्धी कसूर गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "पीडित" भन्नाले बोक्सीको आरोपबाट पीडित व्यक्ति सम्झनु पर्छ।

(ग) "बोक्सीको आरोप" भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले बोक्सीको आरोपमा दफा ३ बमोजिम गरिने जुनसुकै कार्य समेतलाई जनाउँछ।

(घ) "बोक्सीको आरोप सम्बन्धी कसूर" भन्नाले बोक्सीको आरोपमा दफा ३ बमोजिम गरिने कुनै कार्य सम्झनु पर्छ।

परिच्छेद २ : बोक्सीका आरोप सम्बन्धी कसूर

३. बोक्सीका आरोप सम्बन्धी कसूर गरेका मानिने

(१) कसैले कुनै व्यक्ति उपर देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः-

(क) बोक्सीको आरोप लगाउने,

(ख) बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने,

(ग) बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने,

(घ) बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने,

(ङ) बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने,

(च) धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने,

(छ) बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने,

(ज) बोक्सीको आरोपमा अंगभंग गर्ने,

(झ) बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,

(ञ) खण्ड (क) देखि (छ) सम्मको कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने।

(२) कसैले उपदफा (१) बमोजिमको कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा यस ऐन बमोजिम बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिनेछ।

परिच्छेद ३ : बोक्सीका आरोप सम्बन्धी कसूरका सूचना तथा पीडितका संरक्षण

४. बोक्सीका आरोप सम्बन्धी कसूरका सूचना

(१) कुनै ठाँउमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसैले लिखित जाहेरी दरखास्त दिन ल्याएमा तुरुन्तै र मौखिक रुपमा सूचना दिएकोमा प्रहरी कार्यालयले निजको कुरा दरखास्तको रुपमा लेखी निजको सहीछाप गराई दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दरखास्त वा सूचना प्राप्त हुन आएमा प्रहरी कार्यालयले चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ।

५. उपचार तथा घा जाँच गराउन पर्ने

(१) कुनै पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्नेछ।

(२) पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा प्रहरी कार्यालयले पीडितको उपचारमा संलग्न चिकित्सकबाट निजको घा जाँच वा परीक्षण गराउनु पर्नेछ।

(३) पीडितलाई तत्काल मनोविमर्श सेवा उपलब्ध गराउन आवश्यक देखिएमा प्रहरी कार्यालयले सम्बन्धित विज्ञद्वारा निजलाई मनोविमर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

६. सुरक्षा व्यवस्था मिलाउने

दफा ४ बमोजिम प्राप्त भएको दरखास्त वा सूचना उपर प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित, निजको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयले तत्काल सुरक्षाको समुचित व्यवस्था मिलाउनु पर्नेछ।

७. पक्राउ गर्न वा खानतलासी लिन सक्ने

(१) बोक्सीको आरोप सम्बन्धी कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा वा स्थानमा भएको, भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसूरदार भाग्ने, उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित

कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछः

(क) त्यस्तो घर, जग्गा वा स्थानमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई विना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा वा स्थानमा भेटिएका दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन।

(२) प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको कार्य गर्दा सम्भव भएसम्म स्थानीय तहँका प्रतिनिधि र सम्भव नभए सो समयमा त्यस ठाउँमा उपस्थित व्यक्तिहरूको रोहबरमा सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्काको प्रतिलिपि सम्बन्धित घर वा जग्गाधनीलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम महिलालाई पक्राउ गर्नु पर्ने भएमा महिला प्रहरीले पक्राउ गर्नु पर्नेछ र महिला प्रहरी नभएमा अन्य कुनै महिलाको सहयोग लिई पक्राउ गर्न सकिनेछ।

८. थुनामा राखी कारबाही गर्न पर्ने

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्राप्त प्रमाणबाट अभियुक्त बोक्सीको आरोप सम्बन्धी कसूरको कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा मुद्दा हेर्ने अदालतले निजलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ।

९. छुट कानून व्यवसायी राख्न सक्ने

पीडितले चाहेमा बोक्सीको आरोप सम्बन्धी कसूरसँग सम्बन्धित मुद्दाको प्रतिरक्षा गर्न छुट्टै कानून व्यवसायी राख्न सक्नेछ।

१०. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने

(१) अदालतले यस ऐन बमोजिम मुद्दाको कारबाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्दाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश जारी गर्न सक्नेछः

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(घ) पीडित बसेको ठाउँ, बाटोघाटो वा कार्यालयमा गई, कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(ङ) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कार्य गर्न वा गराउन।

(२) मुद्दाको कारबाहीको क्रममा पीडितको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखेमा अदालतले त्यस्तो व्यक्तिको संरक्षणको लागि उपयुक्त आदेश जारी गर्न सक्नेछ।

परिच्छेद ४ : सजाय तथा क्षतिपूर्ति

११. सजाय

(१) दफा ३ को उपदफा (१) को देहायको खण्ड बमोजिम बोक्सीको आरोप सम्बन्धी कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः

(क) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिना देखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैंयाँसम्म जरिवाना,

(ख) खण्ड (ख) वा (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजारदेखि तीस हजार रुपैंयाँसम्म जरिवाना,

(ग) खण्ड (घ) वा (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद र बीस हजारदेखि पचास हजार रुपैंयाँसम्म जरिवाना,

(घ) खण्ड (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजारदेखि पचहत्तर हजार रुपैंयाँसम्म जरिवाना,

(ङ) खण्ड (छ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजारदेखि एकलाख रुपैंयाँसम्म जरिवाना,

(च) खण्ड (ज) बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम हुने सजायमा थप दश प्रतिशत सजाय,

(छ) खण्ड (ञ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनादेखि दुई बर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) बोक्सीको आरोप सम्बन्धी कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ।

(४) कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा त्यस्तो व्यक्तिलाई उपदफा (१) बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई बोक्सीको आरोप सम्बन्धी कसूरमा एकै पटक पन्ध्र वर्ष भन्दा बढी सजाय हुने छैन।

(६) कसैले बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गरी क्षति पुयाएमा निजलाई उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी सो क्षति बराबरको रकम समेत त्यस्तो व्यक्तिबाट पीडितलाई भराई दिनुपर्नेछ।

(७) कसैले दफा १० बमोजिम अदालतबाट दिइएको आदेश पालन नगरेमा वा कसैले बोक्सीको आरोप सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई तीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा तीनमहिनादेखि नौ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कसैले यस ऐन विपरीत कुनै कसूर गरे वापत प्रचलित कानून बमोजिम यस दफामा लेखिए भन्दा बढी सजाय हुने रहेछ भने सोही कानून बमोजिमको सजाय हुनेछ।

१२. क्षतिपूर्ति सम्बन्धी व्यवस्था

(१) अदालतले यस ऐन बमोजिम मुद्दाको फैसला गर्दा बोक्सीको आरोप सम्बन्धी कसूरको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो क्षतिपूर्ति उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा अदालतले उपयुक्त ठहयाए बमोजिमको रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने गरी आदेश गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अदालतबाट भएको आदेश बमोजिमको रकम सम्बन्धित स्थानीय तहले साठी दिन भित्र पीडितलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको नावालक छोरा छोरी, त्यस्ता छोरा छोरी नभएमा पति पत्नी र निजहरू पनि नभएमा निजका आश्रित बाबु आमालाई उपलब्ध गराइनेछ।

१३. उपचारका रकम सम्बन्धी व्यवस्था

(१) पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको कारणले अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार गराउनु परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च तथा कुरुवा खर्च व्यहोर्न नसकी पीडित आफैले वा प्रहरी कार्यालयबाट त्यस्तो रकम खर्च गरेको भए पीडित वा प्रहरी कार्यालयले त्यस्तो रकम प्रचलित कानून बमोजिम स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना लिन सक्नेछ।

परिच्छेद ५ : विविध

१४. सेवा केन्द्रमा रारुन सक्ने

(१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलगै बस्ने व्यवस्था गर्नु पर्ने देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको सेवा केन्द्रमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सेवा केन्द्र" भन्नाले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ११ बमोजिम स्थापना गरिएको सेवा केन्द्र सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्रमा रहेको पीडितलाई सेवा केन्द्रले आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श वा मनोवैज्ञानिक सेवा वा आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

१५. सचेतना कार्यक्रम सञ्चालन गर्ने

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह[३]ले आरोप सम्बन्धी कसूर हुन नदिन विभिन्न किसिमका सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउनु पर्नेछ।

१६. सरकार वादी हुने

यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

१७. हदम्याद

बोक्सीको आरोप सम्बन्धी कसूर भए गरेको मितिले नब्बे दिनभित्र जाहेरी दरखास्त वा सूचना दिनु पर्नेछ।

१८. बन्द इजलासबाट सुनुवाई हुन

पीडितले माग गरेमा यस ऐन बमोजिम कसूर मानिने मुद्दाको सुनुवाई बन्द इजलासबाट गरिनेछ।

१९. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने

यस ऐन बमोजिम कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

२०. प्रचलित कानून बमोजिम हुने

यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. नियम बनाउन अधिकार

यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२२. खारेजी र बचाउ

(१) मुलुकी ऐन, अदलको महलको १०ख. नम्बर खारेज गरिएको छ।

(२) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ को क्रम संख्या ३०क. झिकिएको छ।

(३) उपदफा (१) बमोजिमको कानून अन्तर्गत भए गरेको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अपराध पीडित संरक्षण ऐन, २०७५

प्रस्तावना

नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रक्रियाको अभिन्न अङ्गको रुपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरुप व्यहोर्नु परेको क्षति वापत पीडितलाई क्षतिपूर्ति समेतको व्यवस्था गरी पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, संघीय संसद्ले यो ऐन बनाएको छ।

परिच्छेद १ : प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "अपराध पीडित संरक्षण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले कसूरको कारबाही र किनारा गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त अदालत सम्झनु पर्छ र सो शब्दले कुनै खास किसिमको कसूरको कारबाही र किनारा गर्न कानून बमोजिम अधिकार प्राप्त अन्य न्यायिक निकाय वा अधिकारीलाई समेत जनाउनेछ।

(ख) "कसूर" भन्नाले पीडितको मृत्यु भएको वा पीडितले क्षति व्यहोर्नु परेको प्रचलित कानून बमोजिम सरकार वादी हुने फौजदारी कसूर सम्झनु पर्छ।

(ग) "कसूरदार" भन्नाले कसूरमा अदालतबाट कसूरदार ठहर भएको व्यक्ति सम्झनु पर्छ।

(घ) "कोष" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोष सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "द्वितीयस्तरको पीडित" भन्नाले प्रथमस्तरको पीडितको विरुद्धमा भइरहेको वा भएको कसूरमा संलग्न नभएको तर त्यस्तो कसूरको प्रत्यक्षदर्शी साक्षी भएको कारणले क्षति बेहोर्नु परेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कसूरमा संलग्न नरहेको तर कसूरको बारेमा जानकारी भएको वा प्रत्यक्षदर्शी साक्षी भएको कारणबाट क्षति व्यहोर्नु परेको प्रथमस्तरको पीडित नाबालिगको संरक्षक र प्रथमस्तरको पीडितको विरुद्धमा भएको कसूरका सम्बन्धमा थाहा पाएको कारणले क्षति बेहोर्नु परेको देहायको व्यक्तिलाई समेत जनाउनेछ :-

(१) प्रथम स्तरको पीडितको संरक्षक,

(२) प्रथम स्तरको पीडित नाबालिग भएमा, र

(३) त्यस्तो क्षति बेहोर्नु परेको व्यक्ति त्यस्तो कसूरमा संलग्न नरहेमा।

(छ) "नाबालिग" भन्नाले अठार वर्ष उमेर नपुगेको व्यक्ति सम्झनु पर्छ।

(ज) "प्रथमस्तरको पीडित" भन्नाले पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति वा पदीय आधारले प्राप्त उन्मुक्तिको परिणाम स्वरुप फौजदारी दायित्व बेहोर्नु नपर्ने वा पीडकको पहिचान नखुलेको वा पीडक विरुद्ध अभियोग नलागेको वा कसूरसँग सम्बन्धित मुद्दा फिर्ता भएको वा कसूरदारलाई भएको सजाय माफी भएको वा कसूरदार ठहर नभएको वा पीडितसँग पीडकको जे जस्तो पारिवारिक सम्बन्ध भए पनि पीडित विरुद्ध वारदात भएकोमा कसूरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएको वा क्षति पुगेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कसूरमा संलग्न नरही देहायको कुनै अवस्थामा मृत्यु भएको वा क्षति पुगेको व्यक्तिलाई समेत जनाउनेछ :-

(१) कसूर गरिरहेको व्यक्तिलाई कसूर गर्नबाट रोक्ने कार्य गर्दा,

(२) कुनै व्यक्तिको विरुद्धमा कसूर भइरहेको अवस्थामा त्यस्तो व्यक्तिलाई कसूरबाट बचाउने उद्देश्यले मनासिब सहयोग र उद्धार गर्ने कार्य गर्दा,

(३) कसूर गरिरहेको वा गरेको व्यक्तिलाई पक्राउ गर्न खोज्दा वा शंकास्पद व्यक्ति, अभियुक्त वा कसूरदारलाई पक्राउ गर्ने सिलसिलामा अधिकार प्राप्त अधिकारीलाई सहयोग पुऱ्याउँदा।

(झ) "पारिवारिक पीडित" भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएको प्रथम स्तरको पीडित विरुद्धको कसूरमा संलग्न नरहेको मृतक पीडितको सगोलको आमा, बाबु, पति, पत्नी वा पीडितमा आश्रित एकासगोलको परिवारको अन्य सदस्य सम्झनु पर्छ।

(ञ) "पीडित" भन्नाले प्राकृतिक व्यक्तिको रुपमा रहेको प्रथम स्तरको पीडित, द्वितीय स्तरको पीडित र पारिवारिक पीडित सम्झनु पर्छ।

(ट) "पीडित संरक्षण सुझाव समिति" भन्नाले दफा ४४ बमोजिमको पीडित संरक्षण सुझाव समिति सम्झनु पर्छ।

(ठ) "संरक्षक" भन्नाले प्रचलित कानून बमोजिम कायम भएको वा नियुक्त भएको पीडितको संरक्षक सम्झनु पर्छ।

(ड) "क्षति" भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको देहायको क्षति सम्झनु पर्छः

(१) शारीरिक अङ्गभङ्ग,

(२) जबरजस्ती करणीको कारण गर्भ रहेको,

(३) पीडितको शारीरिक वा मानसिक स्वास्थ्य वा आयु माथि प्रतिकूल प्रभाव पार्ने चिकित्सा विज्ञानद्वारा मान्यता प्राप्त सरुवा रोग लाग्नु,

(४) चिकित्सकद्वारा पहिचान गरिएको मानसिक चिन्ता, मानसिक तनाव (इमोसनल ट्रमा) वा क्षति,

(५) शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमता नष्ट हुनु वा सो क्षमतामाथि गम्भीर क्षति हुनु,

(६) जबरजस्ती करणीका कारण पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव,

(७) मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति,

स्पष्टीकरणः यस उपखण्डको प्रयोजनको लागि "मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति" भन्नाले चिकित्सकीय परीक्षणबाट पहिचान भएको, छोटो समयमा निको वा न्यून नहुने र पीडितको स्वास्थ्यमाथि प्रतिकूल असर पुर्याउने प्रभाव सम्झनु पर्छ।

(८) आर्थिक वा भौतिक क्षति,

(९) पीडितको शारीरिक सौन्दर्य कुरुप हुनु।

३. पीडित नमानिने

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै व्यक्तिलाई क्षति पुगेमा वा निजको मृत्यु भएमा त्यसरी क्षति पुगेको वा मृत्यु भएको व्यक्ति वा निजको परिवारको सदस्यलाई यस ऐनको प्रयोजनको लागि पीडित मानिने छैन :-

(क) प्रचलित कानून बमोजिम निजी रक्षा अन्तर्गत आफ्नो वा अरु कसैको जीउ, ज्यान, सम्पत्ति वा सतित्वको रक्षा गर्ने सिलसिलामा कुनै कार्य गर्दा,

(ख) अधिकार प्राप्त अधिकारीको आदेश बमोजिम खटिएको वा तैनाथ रहेको सुरक्षाकर्मीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा प्रचलित कानून बमोजिम कुनै कार्य गर्दा,

(ग) प्रचलित कानून बमोजिम अनुसन्धान गर्ने अधिकार पाएको अनुसन्धान अधिकारीले आफ्नो अधिकार क्षेत्रभित्र रही अनुसन्धानको सिलसिलामा कुनै कार्य गर्दा,

(घ) प्रचलित कानून बमोजिम आपराधिक दायित्व बहन गर्नु नपर्ने अवस्थामा भएको कुनै कार्य,

तर पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति वा पदीय आधारले प्राप्त उन्मुक्तिको परिणाम स्वरुप पीडकको आपराधिक दायित्व बहन गर्न नपर्ने भएमा पनि यस ऐनको प्रयोजनको लागि त्यस्तो व्यक्तिले कसूर गरेको मानिने र कसूरका कारण सम्बन्धित व्यक्तिलाई पीडित मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको अवस्थाबाट क्षति पुगेको वा मृत्यु भएको व्यक्तिलाई नेपाल सरकारबाट राहत प्रदान गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पर्ने छैन।

परिच्छेद २ : फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकार र कर्तव्य

४. स्वच्छ व्यवहार पाउने अधिकार

पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुनेछ।

५. भेदभाव विरुद्धको अधिकार

फौजदारी न्यायिक प्रक्रियामा पीडितको धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, उत्पत्ति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अस्वस्थता, अपांगता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नु हुँदैन।

तर नाबालिग, जेष्ठ नागरिक वा शारीरिक वा मानसिक रुपले अशक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रक्रियाको रोहमा विचार गर्नु पर्ने भएमा सम्भव भएसम्म त्यस्तो पीडित प्रति विशेष व्यवहार गर्न रोक लगाएको मानिने छैन।

६. गोपनीयताको अधिकार

(१) देहायका कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुनेछ :-

(क) जबरजस्ती करणी,

(ख) हाडनाता करणी,

(ग) मानव बेचविखन,

(घ) यौन दुर्व्यवहार,

(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूर।

(२) उपदफा (१) को कसूरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रूपबाट प्रकट गर्न हुँदैन।

(३) पीडितले चाहेमा उपदफा (१) बमोजिमका कसूरको अनुसन्धान, तहकिकात र अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर,

(ख) पीडितको वास्तविक स्वर बदल्न दिएर,

(ग) अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रविधि प्रयोग गरेर,

(घ) अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर।

७. अनुसन्धान सम्बन्धी सूचनाको अधिकार

(१) पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारी वा निकायले निजलाई देहायको विषयमा यथाशीघ्र सूचना दिनु पर्नेछः

(क) यस ऐन वा प्रचलित कानून बमोजिम पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श,

(ख) अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना,

(ग) अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,

(घ) अनुसन्धान तथा तहकिकातको प्रगति विवरण,

(ङ) शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया,

(च) शंकास्पद व्यक्ति पक्राउ भएमा सो को व्यहोरा,

(छ) शंकास्पद वा अन्य कुनै व्यक्तिले कसूरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,

(ज) अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुनस् पक्राउ भएमा सो को व्यहोरा,

(झ) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानून बमोजिम हिरासतबाट छाडेमा सो को व्यहोरा,

(ञ) कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम हुने अनुसन्धान तथा तहकिकातका प्रक्रिया सम्बन्धी सामान्य जानकारी।

(२) उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई त्यस्तो सूचना दिएमा सो कसूरको अनुसन्धानमा प्रतिकूल असर पर्ने संभावना भएमा वा शंकास्पद वा निजसम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्तिमाथि खतरा हुन सक्ने भएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिन बाध्य हुने छैन र त्यसरी सूचना दिन नमिल्ने व्यहोराको कारण सहितको जानकारी पीडितलाई दिनु पर्नेछ।

८. अभियोजन सम्बन्धी सूचनाको अधिकार

अभियोजन गर्ने निकाय वा अधिकारीले कसूरको सम्बन्धमा पीडितलाई निजले माग गरेमा देहायको सूचना यथाशीघ्र दिनु पर्नेछः

(क) मुद्दा नचलाउन निर्णय गरेको भएमा मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ख) कुनै व्यक्ति विरुद्ध मुद्दा चलाउने निर्णय गरिएको र कुनै व्यक्तिको हकमा मुद्दा नचलाउने निर्णय गरिएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ग) मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमाणित प्रतिलिपि,

(घ) प्रचलित कानून बमोजिम हुने अदालती कारबाहीको प्रक्रिया सम्बन्धी सामान्य जानकारी,

(ङ) मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा प्रचलित कानून बमोजिम थप माग दावी लिएकोमा सोको व्यहोरा र सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले गरेको आदेश,

(च) पीडित व्यक्ति कसूरको साक्षी समेत भएकोमा निजले साक्षीको रुपमा निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धी जानकारी,

(छ) अभियोगपत्र दायर हुँदा फरार रहेको अभियुक्त मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम पक्राउ भई वा आफैं हाजिर हुन आएमा सोको व्यहोरा,

(ज) कसूरका सम्बन्धमा अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सोको व्यहोरा।

९. न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकार

अभियोजन गर्ने निकाय, अधिकारी वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा निजलाई देहायको सूचना यथाशीघ्र दिनु पर्नेछः-

(क) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा सोको व्यहोरा,

(ख) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सोको व्यहोरा,

(ग) अदालतमा हुने सुनुवाइको मिति, स्थान र समय,

(घ) अभियुक्तले प्रचलित कानून बमोजिम जमानत वा तारेखमा छोडी पाउँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको व्यहोरा,

(ङ) अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छोड्दा वा पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी व्यहोरा,

(च) अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाउँ भनी प्रचलित कानून बमोजिम शुरु अदालतको आदेश विरुद्ध पुनरावेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा भएको आदेशको व्यहोरा,

(छ) पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र त्यसरी भागेकोमा पुनस् पक्राउ भई वा आफै उपस्थित हुन आएमा सो को व्यहोरा,

(ज) अभियुक्त वा कसूरदारलाई सुपरिवेक्षणको शर्तमा थुना वा कारागारबाट मुक्त गरिएकोमा सपुरिवेक्षण शर्तहरू र त्यस्ता शर्तहरू हेरफेर भएमा हेरफेर गरिएका शर्त सम्बन्धी व्यहोरा र त्यस्तो हेरफेर लागू हुने मिति,

(झ) सुपरिवेक्षणमा थुनाबाट मुक्त भएको अभियुक्त वा कसूरदारले सुपरिवेक्षणका शर्तहरू पालना गरे नगरेको,

(ञ) अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरिएमा सो सम्बन्धी व्यहोरा,

(ट) कसूरदारलाई भएको सजाय र कैद भएकोमा कैद भुक्तान हुने समय,

(ठ) कसूरदार कैद सजाय भुक्तान गर्नु अगावै फरार भएमा वा पुनस् पक्राउ भई आएमा सो को व्यहोरा,

(ड) कैद सजाय भुक्तान हुनु अगावै कसूरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा कुनै कानूनी व्यवस्था अन्तर्गत कसूरदारले सजायबाट छुट पाएमा वा मुक्त भएमा सो को व्यहोरा,

(ढ) प्रचलित कानून बमोजिम सुपरिवेक्षणमा रहनु पर्ने शर्तमा मुद्दा नचलाइएको वा कारागार नपठाइएको वा कैदबाट मुक्त गरिएको पीडकले सुपरिवेक्षणको शर्त उल्लंघन गरेमा पीडितले सो उपर उजुर गर्न सक्ने निकाय र उजुरी गर्ने तरिका,

(ण) कसूरदारले सजाय भोगिरहेको कारागारको नाम र ठेगाना,

(त) कसूरदारले प्रोवेशन, प्यारोल वा समुदायिक सेवा वा खुला कारागार वा यस्तै किसिमको अन्य कुनै सुविधा पाएमा सो सम्बन्धी व्यहोरा,

(थ) कसूरका सम्बन्धमा भएको फैसलाको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको,

(द) फैसला विरुद्ध प्रतिवादीको पुनरावेदन परेकोमा प्रत्यर्थी झिकाउने आदेश भएकोमा सो को व्यहोरा,

(ध) फैसला विरुद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सोको परिणाम,

(न) कसूरदारलाई सुपरिवेक्षणमा राखिएकोमा सुपरिवेक्षणको शर्त परिवर्तन गर्न वा सुपरिवेक्षणको आदेश खारेज गर्न कसूरदार वा अन्य कसैले प्रचलित कानून बमोजिम निवेदन दिएकोमा सो निवेदनमा भएको निर्णय,

(प) थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सोको व्यहोरा,

(फ) विदेशी अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम नेपाल सरकारले नेपालको राज्य क्षेत्रभन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोर्ट) गरेमा सो को व्यहोरा।

१०. सुरक्षित हुन पाउने अधिकार

पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसूरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुनेछ।

११. धारणा व्यक्त गर्ने अधिकार

(१) पीडितले देहायको विषयमा सम्बन्धित अधिकारी समक्ष आफ्नो धारणा व्यक्त गर्न पाउनेछः-

(क) सम्बन्धित कसूरमा शंकास्पद व्यक्तिका सम्बन्धमा अभियोग लगाउँदा,

(ख) शंकास्पद व्यक्तिका सम्बन्धमा मुद्दा नचलाउने निर्णय गर्नु परेमा,

(ग) अभियुक्तसँग प्रचलित कानून बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा,

(घ) प्रचलित कानून बमोजिम हुने सजायमा छुट माग दावीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा,

(ङ) मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको अभियोगपत्रमा प्रचलित कानून बमोजिम थप माग दाबी गर्नु पर्ने भएमा,

(च) कसूरदारलाई सजाय तोक्नु अगावै प्रचलित कानून बमोजिम सजाय पूर्वको प्रतिवेदन तयार गर्नु परेमा,

(छ) कसूरदारलाई प्रचलित कानून बमोजिम सजाय तोक्दा,

(ज) अभियुक्तमा कसूर गर्न सक्ने मानसिक वा शारीरिक क्षमता भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नु पर्ने भएमा,

(झ) प्रचलित कानून बमोजिम अभियुक्त वा कसूरदारका हकमा दिशान्तर (डाइभर्सन) कार्यक्रमको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा,

(ञ) कसूरदारलाई प्रचलित कानून बमोजिम प्रोवेशन, प्यारोल, निलम्बित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा,

(ट) प्रचलित कानून बमोजिम अदालतमा विचाराधिन कसूर सम्बन्धी मुद्दा फिर्ता गर्न मञ्जुरी दिने नदिने सम्बन्धमा सुनुवाइ गर्दा।

(२) उपदफा (१) बमोजिम धारणा व्यक्त गर्नका लागि सम्बन्धित अधिकारीले पीडितलाई मनासिब समय प्रदान गर्नु पर्नेछ।

१२. कानून व्यवसायी राख्न पाउने अधिकार

पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न पाउनेछ।

१३. सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार

(१) पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरका सम्बन्धमा हुने अदालतको सुनुवाइ सम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुनेछ।

तर पीडित व्यक्ति मुद्दाको साक्षी समेत भएकोमा साक्षीको रुपमा निजले बकपत्र नगरेसम्म निजलाई अदालतले खास कारबाहीमा उपस्थित हुन रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्नेछ।

१४. सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार

(१) अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्टै कक्ष उपलब्ध गराउन सम्भव र व्यवहारिक नभएमा सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

१५. सम्पत्ति फिर्ता पाउने अधिकार

(१) अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिएको सम्पत्तिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व वा भोगको विषयमा विवाद भएमा विवाद टुङ्गो लाग्नु अगावै सम्पत्ति फिर्ता गरिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश गर्न सक्नेछ।

१६. कसूर सम्बन्धी मुद्दाका सम्बन्धमा छलफल गर्न सक्ने

पीडित र अभियुक्त दुवैको सहमतिमा कसूरसँग सम्बन्धित कुनै विषयमा अदालतले देहायको अवस्थामा पीडित र अभियुक्तबीच छलफल गराउन सक्नेछ :-

(क) छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने कुरामा अदालत विश्वस्त भएमा,

(ख) छलफल अदालतको सुपरिवेक्षणमा हुने भएमा,

(ग) छलफल गर्दा सार्वजनिक हित र न्यायमा प्रतिकूल असर नपर्ने भएमा।

१७. लिखित निवेदन दिन सक्ने अधिकार

(१) अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णय विरुद्ध नेपाल सरकारलाई प्रचलित कानून बमोजिम निवेदन वा पुनरावेदन दिने अधिकार भएमा पीडितले सो आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारी समक्ष लिखित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन त्यस्तो आदेश वा निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्णय आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिने अधिकार पाएको सम्बन्धित निकाय वा अधिकारीले त्यस्तो निवेदन उपर विचार गरी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्णयको जानकारी पीडितलाई दिनु पर्नेछ।

१८. क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार

(१) पीडितले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा क्षतिपूर्ति प्राप्त गर्न गर्नु पर्ने कारबाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम पीडितको तर्फबाट क्षतिपूर्ति सम्बन्धी कारबाही चलाउने अधिकार अभियोजन अधिकारीमा भएकोमा अभियोजन अधिकारीले पीडितको अनुरोधमा पीडितको तर्फबाट गर्नु पर्ने आवश्यक कारबाही गर्नु पर्नेछ।

१९. क्षतिपूर्ति तथा सामाजिक पुनर्स्थापनाको अधिकार

(१) पीडितलाई पुगेको क्षति बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

(२) पीडितको समाजिक पुनर्स्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२०. निवेदन दिन वा पुनरावेदन गर्न सक्ने

(१) कुनै कसूरमा अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धित पीडितलाई चित्त नबुझेमा सोको आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णय विरुद्ध प्रचलित कानून बमोजिम निवेदन दिन वा पुनरावेदन गर्न सकिने रहेछ भने पीडितले त्यस्तो निवेदन दिन वा पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिने वा पुनरावेदन गर्ने सम्बन्धमा सम्बन्धित कानूनमा कुनै अवधि नतोकिएकोमा त्यस्तो निवेदन वा पुनरावेदन आदेश वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र दिइसक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदनमा उल्लेख गरिएको आधार र कारण विचार गरी सम्बन्धित अधिकारीले निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निवेदकलाई समेत दिनु पर्नेछ।

२१. पीडितको कर्तव्य

यस ऐनको प्रयोजनको लागि पीडितको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने,

(ख) कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,

(ग) कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने,

(घ) आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने।

२२. अधिकारको सम्मान गर्नु पर्ने

कसूरको अनुसन्धान, अभियोजन, तहकिकात तथा न्याय निरूपणको प्रक्रियामा संलग्न हुने अधिकारीले यस ऐन तथा प्रचलित नेपाल कानून बमोजिम प्रदत्त पीडितका अधिकारको सम्मान गर्दै कार्यान्वयनको लागि उचित ध्यान दिनु पर्नेछ।

२३. अधिकार प्रचलनको लागि निवेदन दिन सकिने

(१) यस परिच्छेदद्वारा प्रदत्त अधिकारको प्रचलनको लागि पीडितले सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनबाट पीडितका अधिकारको अतिक्रमण वा हनन भएको देखिएमा त्यस्ता अधिकारको प्रचलनको लागि उच्च अदालतले उपयुक्त आदेश जारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम आदेश जारी गर्दा उच्च अदालतले पीडितका अधिकारको जानी जानी अतिक्रमण गर्ने, हनन गर्ने वा कटौती गर्ने अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम विभागीय कारवाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा सम्बन्धित अधिकारीले त्यस्तो अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नु पर्नेछ।

२४. काम कारवाही बदर नहुने

पीडितका अधिकार पीडितले उपभोग गर्न नपाएको वा उल्लंघन भएको वा अस्वीकार गरिएको कारणले मात्र प्रचलित कानून, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम भइसकेको निर्णय, आदेश वा कार्य बदर वा अमान्य हुने छैन।

परिच्छेद ३ : पीडित प्रभाव प्रतिवेदन

२५. पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने

(१) पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्ष रुपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसूरको अभियोगपत्र अदालतमा दायर हुनुभन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष तोकिएका विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्नेछ।

(२) पीडित नाबालिग वा कानूनी रुपमा संरक्षकत्व चाहिने व्यक्ति भएको वा अन्य कुनै मनासिब कारणबाट उपदफा (१) बमोजिमको प्रतिवेदन पीडित आफैले पेश गर्न नसक्ने भएमा निजको अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिले पीडितको तर्फबाट त्यस्तो प्रतिवेदन पेश गरिदिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितको काबू बाहिरको परिस्थिति परी अदालतमा अभियोगपत्र दायर हुनु अगावै पीडित प्रभाव प्रतिवेदन पेश गर्न नसकेमा

त्यस्तो परिस्थिति परेको प्रमाण संलग्न गरी अभियोगपत्र अदालतमा दायर भएको मितिले एक महिनाभित्र अभियोगपत्र दायर गर्ने अधिकारी समक्ष त्यस्तो प्रतिवेदन पेश गर्न बाधा पर्ने छैन।

(४) पीडितले उपदफा (१) वा (२) बमोजिमको पीडित प्रभाव प्रतिवेदन गोप्य राख्न चाहेमा गोप्य राख्न चाहेको व्यहोरा र सोको कारण समेत प्रतिवेदनमा खुलाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम पेश हुन आएको पीडित प्रभाव प्रतिवेदन अभियोगपत्र साथ र उपदफा (३) बमोजिम पेश हुन आएको पीडित प्रभाव प्रतिवेदन प्राप्त भएको तीन दिनभित्र अभियोजन गर्ने अधिकारीले सम्बन्धित अदालत समक्ष पेश गर्नु पर्नेछ।

२६. नक्कल माग गर्न सक्ने

(१) दफा २५ को उपदफा (५) बमोजिम अदालतमा पेश भएको पीडित प्रभाव प्रतिवेदनको नक्कल लिन चाहने अभियुक्त वा कसूरदारले अदालतबाट त्यस्तो प्रतिवेदनको नक्कल लिन सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अदालतले पीडित प्रभाव प्रतिवेदनको नक्कल दिन इन्कार गर्न सक्नेछः-

(क) अभियुक्त फरार रहेकोमा,

(ख) नक्कल दिँदा पीडितको सुरक्षा र गोपनीयतामा प्रतिकूल असर पर्ने भएमा,

(ग) पीडित प्रभाव प्रतिवेदनलाई पीडितले गोप्य राख्न चाहेको भएमा।

२७. पीडित प्रभाव प्रतिवेदनलाई आधार लिन सकिने

(१) अदालतले कसूरदारलाई सजाय निर्धारण गर्दा पीडित प्रभाव प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ को उपदफा (२) बमोजिम नक्कल दिन इन्कार गरिएको वा प्रतिवेदनको गोप्य राखिएको भागलाई अदालतले सजाय निर्धारण गर्दा आधार लिने छैन।

२८. कसूरबाट क्षति कम भएको अनुमान नगरिने

पीडितले यस परिच्छेद बमोजिम पीडित प्रभाव प्रतिवेदन पेश नगरेकै कारणबाट पीडितलाई कसूरबाट क्षति वा प्रभाव कम भएको अनुमान गरिने छैन।

परिच्छेद ४ : क्षतिपूर्ति

२९. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने

(१) पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो कसूरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ।

(४) उपदफा (३) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो कसूरदारले क्षतिपूर्ति वा राहत बापतको रकम कोषमा जम्मा गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसूरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

३०. कसूरदारबाटै क्षतिपूर्ति भराइ दिने

(१) अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरुप भराइदिने गरी आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतले क्षतिपूर्ति भराउने आदेश गर्दा पीडितले दफा २९ बमोजिम अन्तरिम क्षतिपूर्ति प्राप्त गरे नगरेको बारेमा यकिन गर्नु पर्नेछ।

(३) दफा २९ बमोजिम अन्तरिम क्षतिपूर्ति प्राप्त गरिसकेको पीडितलाई उपदफा (१) बमोजिम कसूरदारबाट क्षतिपूर्ति भराईदिने गरी अदालतले आदेश दिएमा पीडितले प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति बापतको रकम कोषमा फिर्ता गरी बाँकी रकममात्र पीडितलाई उपलब्ध गराइनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको अवस्थामा वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएमा अदालतले कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम आदेश प्राप्त भएको पैंतीस दिनभित्र कोषबाट क्षतिपूर्ति बापतको रकम पीडितलाई उपलब्ध गराईनेछ।

३१. क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरू

अदालतले पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायको कुनै वा सबै विषयलाई आधार लिन सक्नेछः

(क) पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिब खर्च,

(ख) पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च,

(ग) पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "अप्रत्यासित यातायात खर्च" भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको क्षति कम गर्नको लागि तत्काल आवश्यक परेको परामर्श वा औषधोपचार सेवा पीडितको बसोबास वा कार्य स्थल वा वारदात स्थलबाट दश किलोमिटरको दुरीमा उपलब्ध हुन नसकी पीडितले त्यस्तो सेवा प्राप्त गर्नको लागि दश किलोमिटर भन्दा बढी दुरी यात्रा गर्दा यातायातमा लागेको मनासिब खर्च सम्झनु पर्छ।

(घ) पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च,

(ङ) कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति,

(च) पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति,

तर त्यस्तो आर्थिक क्षति बापत पीडितले प्रचलित कानून बमोजिमको बिमाबाट क्षतिपूर्ति प्राप्त गरेकोमा वा प्राप्त गर्ने भएकोमा यस खण्ड बमोजिम क्षतिपूर्ति दिइने छैन।

(छ) क्षति पुगेका व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,

(ज) कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता,

(झ) पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर,

(ञ) पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति,

(ट) जबरजस्ती करणीको कसूरको हकमा सो कसूरबाट पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव,

(ठ) जबरजस्ती करणीका कारण पीडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च,

(ड) कसूरका कारण गर्भपतन भएकोमा औषधोपचार खर्च,

(ढ) विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरुद्ध हुन सक्ने थप कसूरबाट बच्ने असल नियतले परेको मनासिब खर्च,

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "विशेष अवस्था" भन्नाले कसूर हुँदाका बखत पीडितको शारीरिक वा मानसिक स्थिति वा पीडितको बसोबास स्थल, कार्यस्थल वा वारदातस्थलको विशेष अवस्थितिको अनुचित लाभ उठाई पीडितको विरुद्धमा गरिएको कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितले असामान्य प्रभाव वा असर बेहोरेको वा व्यहोर्नु पर्ने अवस्था सम्झनु पर्छ।

(ण) पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति,

(त) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार,

(थ) विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसूरबाट प्रथमस्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च,

(द) नाबालिग सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व।

३२. कसूरको समूहलाई एउटा कसूर मानिने

यस ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनको लागि कसूरको समूहलाई एउटै कसूर मानी क्षतिपूर्ति दिइनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "कसूरको समूह" भन्नाले देहायको कारणबाट सम्बद्धता गाँसिएका दुई वा सो भन्दा बढी कसूरहरूलाई सम्झनु पर्छः-

(१) एकै वारदातमा एकै व्यक्तिको विरुद्धमा उही व्यक्ति वा व्यक्तिहरूको समूहबाट भएको वा अन्य कुनै कारणबाट ती कसूरहरू बीच समान विशेषता भएको, र

(२) कसूरको कारण पीडितको मृत्यु भएको वा पीडितलाई क्षति पुगेको।

३३. एकभन्दा बढी हैसियतमा क्षतिपूर्ति प्राप्त नहुने

कुनै व्यक्तिले प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडितको रुपमा वा अन्य कुनै रुपमा एकभन्दा बढी रुप वा हैसियतमा यस ऐन बमोजिमको क्षतिपूर्ति प्राप्त गर्न सक्ने छैन।

३४. क्षतिपूर्ति उपलब्ध नगराइने

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको पीडितलाई यस ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध गराईने छैनः-

(क) जुन कसूरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसूर गर्ने, सोको उद्योग गर्ने, सो कसूर गर्न दुरुत्साहन दिने वा षडयन्त्र गर्ने वा कसूर गर्न सहयोग गर्ने वा सो कसूरमा संलग्न मतियार,

(ख) क्षतिपूर्ति दाबी गर्ने व्यक्ति अन्य कुनै कसूरमा संलग्न भएको बखत वा सोही कारणले निज विरुद्ध कसूर भएकोमा प्रथमस्तरको पीडितको हैसियतमा यस ऐन बमोजिमको क्षतिपूर्ति पाउँ भनी माग गर्ने,

(ग) कसैको विरुद्ध कसूर गर्न गएका बखत वा सोही कारणबाट मृत्यु भएको व्यक्तिको पारिवारिक पीडित,

(घ) प्रचलित कानून बमोजिम सवारी दुर्घटनाको कारणबाट भएको क्षतिको सम्बन्धमा तेस्रो पक्षको बिमा व्यवस्था अन्तर्गत क्षतिपूर्ति पाउने व्यक्ति,

तर मार्ने वा क्षति पुर्याउने उद्देश्यले सवारी साधन प्रयोग गरी मारेमा वा क्षति पुऱ्याएमा यस ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन बाधा पर्ने छैन।

(ङ) प्रथमस्तरको पीडित अन्य कुनै कसूरमा संलग्न भएको जानकारी भएकोमा वा त्यस्तो जानकारी पाउनुपर्ने मनासिब कारण भएको द्वितीयस्तरको पीडित वा पारिवारिक पीडित व्यक्ति,

तर जुन कसूरमा क्षतिपूर्ति पाउने हो सो कसूर हुँदा साक्षी रहेको व्यक्तिको हकमा यो व्यवस्था लागू हुने छैन।

(च) कसूरको कारणबाट पीडितलाई गर्नु पर्ने उपचार सरकारको तर्फबाट निःशुल्क गरिएको वा सरकारले खर्च व्यहोरेको र पीडितलाई निको हुने सम्भावना भएमा त्यस्तो व्यक्ति,

तर चिकित्सकीय परामर्श वा औषधोपचार रकम बाहेक अन्य क्षतिको हकमा क्षतिपूर्ति दिन बाधा पर्ने छैन।

(छ) प्रचलित कानून बमोजिम कैद सजाय पाई थुनामा रहेको अवधिमा निज विरुद्ध कसूर भएको कारणबाट मानसिक क्षति व्यहोरेको पीडित कैदी,

तर प्रचलित कानून बमोजिम लागेको जरिवाना तिर्न नसकेको कारणबाट मात्र कैदमा बस्नु परेकोमा मानसिक क्षति बापत समेत क्षतिपूर्ति दिन बाधा पर्ने छैन।

(ज) प्रचलित कानून अन्तर्गत राज्य विरुद्धको कसूरमा कसूरदार ठहरिएको व्यक्ति,

(झ) प्रचलित कानून अन्तर्गतको संगठित अपराधमा कसूरदार ठहरिएको व्यक्ति,

(ञ) नाबालिग वा मानसिक सन्तुलन नभएको पीडित बाहेक पीडितले आफू विरुद्ध कसूर गर्न उक्साएको वा पीडितको आचरणको कारण निज विरुद्ध भएको कसूरबाट पीडित व्यक्ति,

(ट) कसूरका सम्बन्धमा अनुसन्धान वा अदालती कारबाहीका सम्बन्धमा जाहेरी वा उजुरी नदिने, झुट्टा जाहेरी वा उजुरी दिने, अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग नगर्ने वा कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले बयान, बकपत्र गर्ने वा प्रमाण पेश

गर्ने वा सो उद्देश्यले अनुसन्धान अधिकारी समक्ष भएको बयान भन्दा अदालतमा प्रतिकूल बयान वा बकपत्र गर्ने व्यक्ति,

(ठ) जुन कसूरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसूरको सम्बन्धमा नेपाल सरकारको अन्य कुनै स्रोतबाट आर्थिक सहायता वा क्षतिपूर्ति पाएको वा पाउने देखिएको व्यक्ति,

(ड) न्यायको दृष्टिले क्षतिपूर्ति प्रदान गर्न अनुचित देखिएको व्यक्ति,

(ढ) क्षतिपूर्ति लिन नचाहेको व्यहोराको निवेदन दिने व्यक्ति,

(ण) पीडितले अदालतको आदेश बमोजिमको जरिवाना, विगो वा अन्य कुनै रकम वा नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने राजश्व वा अन्य रकम तिर्न बुझाउन बाँकी रहेको व्यक्ति,

(त) झुट्टा उजुरी दिएको ठहर भएमा,

(थ) कसूर हुँदाका बखत पीडित र पीडक दुबै सगोलका परिवारका सदस्य रहेको कारण क्षतिपूर्तिको लाभ पीडकले प्राप्त गर्न सक्ने देखिएमा त्यस्तो पीडित,

तर देहायको अवस्थामा यो खण्ड बमोजिम पीडितलाई क्षतिपूर्ति दिन बाधा पर्ने छैनः-

(१) पीडकको उमेर वा मानसिक अस्वस्थताका कारण निजले प्रचलित कानून बमोजिम आपराधिक दायित्व बहन गर्न नपर्ने भएमा,

(२) त्यस्तो कसूरमा पीडितले कसूरदारबाट क्षतिपूर्ति पाउने कानूनी व्यवस्था नभएको वा भएपनि पीडक वा सगोलका परिवारका नाममा सम्पत्ति नरही वा अन्य कुनै मनासिब कारणले पीडितले पीडकबाट क्षतिपूर्ति पाउने अवस्था नदेखिएकोमा कसूर भइसकेपछि पीडित व्यक्ति पीडक व्यक्ति रहेको सगोलको परिवारबाट मानो छुट्टिई भिन्न बसेको प्रमाणित भएमा, वा

(३) जबरजस्ती करणीबाट पीडित महिला वा निजबाट जन्मेको सन्तान।

३५. क्षतिपूर्ति रकमले पहिलो प्राथमिकता पाउने

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारले अदालतको फैसला बमोजिम जरिवाना, सरकारी बिगो, दशौंद, बिशौंद, दुनियाँको बिगो वा अन्य कुनै रकमका अतिरिक्त पीडितलाई क्षतिपूर्ति समेत बुझाउनु पर्ने भएकोमा कसूरदारबाट असुल उपर भएको रकमबाट सबैभन्दा पहिले यस ऐन बमोजिम पीडितले पाउने क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिइनेछ।

३६. सरकारी बाँकी सरह असुल उपर गरिने

यस ऐन बमोजिम अदालतले कसूरदारबाट पीडितलाई भराई दिइएको क्षतिपूर्तिको रकम कसूरदारले पीडितलाई उपलब्ध नगराएमा अदालतले कसूरदारको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गरी पीडितलाई उपलब्ध गराई दिनेछ।

३७. आश्रित सन्तान वा अभिभावकले क्षतिपूर्ति पाउने

यस ऐन बमोजिम क्षतिपूर्ति प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो क्षतिपूर्तिको रकम निजमा आश्रित सन्तान वा अभिभावकले पाउनेछ।

३८. क्षतिपूर्ति बापत पहिले पाएको रकम कट्टा गरिने

पीडितलाई यस ऐन बमोजिम क्षतिपूर्ति बापतको रकम भुक्तानी गर्दा निजले पहिले अन्तरिम क्षतिपूर्ति बापत प्राप्त गरेको रकम कटाएर बाँकी रहन गएको रकम मात्र उपलब्ध गराइनेछ।

३९. क्षतिपूर्ति रकम कोषमा दाखिला गरिने

यस ऐन बमोजिम क्षतिपूर्ति पाउने जानकारी पीडितलाई दिएको मितिले छ महिनासम्म क्षतिपूर्ति लिन नआएमा सो अवधिपछि त्यस्तो क्षतिपूर्ति रकम कोषमा दाखिला गरिनेछ।

४०. क्षतिपूर्ति रकममा अन्य कसैको अधिकार नहुने

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा २९ वा ३० बमोजिम क्षतिपूर्ति स्वरुप पाएको रकम यस ऐन बमोजिम फिर्ता, कट्टा वा असुल उपर हुनेमा बाहेक सो रकममा अरु कसैको अधिकार हुने छैन।

परिच्छेद ५ : क्षतिपूर्ति शुल्क (कम्पेनसेसन लेभि)

४१. क्षतिपूर्ति शुल्क सम्बन्धी व्यवस्था

(१) कसूरदारले क्षतिपूर्ति शुल्क बापत देहाय बमोजिमको रकम कोषमा बुझाउनु पर्नेछः

(क) एक वर्षभन्दा कम कैद सजाय भएमा दुई सय रुपैयाँ,

(ख) एक वर्षदेखि दुई वर्षसम्म कैद सजाय भएमा चार सय रुपैयाँ,

(ग) दुई वर्षभन्दा माथि तीन वर्षसम्म कैद सजाय भएमा छ सय रुपैयाँ,

(घ) तीन वर्षभन्दा माथि चार वर्षसम्म कैद सजाय भएमा आठ सय रुपैयाँ,

(ङ) चार वर्षभन्दा माथि पाँच वर्षसम्म कैद सजाय भएमा एक हजार रुपैयाँ,

(च) पाँच वर्षभन्दा माथि आठ वर्षसम्म कैद सजाय भएमा तेह्र सय रुपैयाँ,

(छ) आठ वर्षभन्दा माथि बाह्र वर्षसम्म कैद सजाय भएमा अठार सय रुपैयाँ,

(ज) बाह्र वर्षभन्दा माथि र जन्मकैद भन्दा मुनिसम्म कैद सजाय भएमा बाइस सय रुपैयाँ,

(झ) जन्मकैद सजाय भएमा अट्ठाइस सय रुपैयाँ।

(२) कैद सजाय नभई जरिवाना मात्र हुने ठहरेको कसूरदारले लागेको जरिवानाको चार प्रतिशतले हुन आउने रकम क्षतिपूर्ति शुल्क तिर्नु पर्नेछ।

(३) कसूरदारलाई कैद र जरिवाना दुबै सजाय भएकोमा कैद वा जरिवाना मध्येबाट उपदफा (१) वा (२) बमोजिम हिसाब गर्दा जुन रकम बढी हुन्छ त्यति रकम क्षतिपूर्ति शुल्क बुझाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको क्षतिपूर्ति शुल्क अदालतले सम्बन्धित कसूरको फैसला गर्दाको अवस्थामा नै निर्धारण गरिदिनु पर्नेछ।

(५) यस दफा बमोजिमको क्षतिपूर्ति शुल्क कोषमा जम्मा हुनेछ।

४२. क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने दायित्व समाप्त भएको नमानिने

(१) जुन कसूरका सम्बन्धमा दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने हो, सो कसूरमा जरिवाना वा अन्य कुनै आर्थिक दायित्व समेत बेहोर्नु पर्ने वा पीडितलाई क्षतिपूर्ति दिन पर्ने भएमा पनि दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने दायित्व समाप्त भएको मानिने छैन।

(२) कसूरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा प्रचलित कानून बमोजिम सजाय छुट वा निलम्बन भएको अवस्थामा समेत दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने कसूरदारको दायित्व समाप्त भएको मानिने छैन।

४३. क्षतिपूर्ति शुल्क घटाउने वा लिनु नपर्ने गरी आदेश गर्न सक्ने

(१) कुनै कसूरदारले दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउन नसक्ने अवस्था भएमा सोको आधार, कारण र प्रमाण सहित क्षतिपूर्ति घटाउनु वा तिर्नुपर्ने आदेशको लागि सम्बन्धित अदालत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा अदालतले त्यस्तो कसूरदारले क्षतिपूर्ति शुल्क बुझाउन नसक्ने मनासिब अवस्था देखेमा अदालतले दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क घटाउने वा लिनु नपर्ने गरी आदेश गर्न सक्नेछ।

परिच्छेद ६ : पीडित संरक्षण सुझाव समिति

४४. पीडित संरक्षण सुझाव समिति रहने

(१) कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि देहाय बमोजिमको एक पीडित संरक्षण सुझाव समिति रहनेछः

(क) महान्यायाधिवक्ता - संयोजक

(ख) अध्यक्ष, नेपाल कानून आयोग - सदस्य

(ग) सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(च) पीडित न्यायशास्त्र वा फौजदारी न्यायको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले तोकेको एकजना विज्ञ - सदस्य

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा आफ्नो पदीय दायित्व इमान्दारीपूर्वक पालना नगर्ने उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यलाई नेपाल सरकारले जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट मुक्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने अवसरबाट बञ्चित गरिने छैन।

४५. पीडित संरक्षण सुझाव समितिको काम

(१) पीडित संरक्षण सुझाव समितिको काम देहाय बमोजिम हुनेछः

(क) पीडितको हक हितको संरक्षणको लागि विद्यमान कानूनमा गर्नु पर्ने सुधार तथा परिमार्जनका विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) पीडितको सुरक्षा तथा पीडितले कसूरको कारणबाट बेहोरेको क्षति र प्रतिकूल असर न्यून गर्नको लागि नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीतिगत उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ग) पीडितको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिश गर्ने,

(घ) पीडित आवश्यकता पहिचान गरी आवश्यकता अनुसारको खास सेवा संचालन गर्न नेपाल सरकारलाई सुझाव दिने।

(२) नेपाल सरकारले पीडित संरक्षण समितिको सुझावलाई समेत विचार गरी कसूर पीडितको सुरक्षा, हक हितको संरक्षण एवं कसूरको कारणबाट पीडितले व्यहोरेको वा व्यहोर्ने क्षति, प्रतिकूल प्रभाव र असर न्यून गर्नको लागि आवश्यकता अनुसार उद्धार, सामाजिक

पुनर्स्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक कानूनी सहायता लगायतका सेवा संचालन गर्नेछ।

४६. बैठक भत्ता

पीडित संरक्षण सुझाव समितिको संयोजक तथा सदस्यहरूले सो समितिको बैठकमा भाग लिए बापत नेपाल सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन्।

परिच्छेद ७ : विविध

४७. कोषबाट उपलब्ध गराईने

पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति र अन्य कुनै कारणले आपराधिक दायित्व बहन गर्न नपर्ने व्यक्तिबाट भएको कुनै कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति बापत पीडितलाई कोषबाट मनासिब माफिकको रकम क्षतिपूर्ति उपलब्ध गराइनेछ।

४८. क्षतिपूर्तिको दावी लिनु पर्ने

कुनै कसूरमा अभियोजन गर्दा प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट दावी लिनु पर्नेछ।

४९. सूचना उपलब्ध गराउनु पर्ने

यस ऐन बमोजिम पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएको निकाय वा पदाधिकारीलाई त्यस्तो विषयको काम कारबाहीमा संलग्न रहेका वा त्यस्तो सूचनाको अभिलेख राख्ने वा त्यस्तो सूचनामा पहुँच भएका सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो सूचना यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ।

५०. पेशीको सूचना दिने

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले कसूर सम्बन्धी मुद्दामा कम्तीमा सात दिन अघि नै पेशीको सूचना सम्बन्धित सरकारी वकिल कार्यालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त गरेपछि सरकारी वकिल कार्यालयले सम्भव भएसम्म सम्बन्धित पीडितलाई यथाशीघ्र पेशीको जानकारी दिनु पर्नेछ।

५१. पीडितलाई सूचना दिने तरिका

यस ऐन बमोजिम पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएका सम्बन्धित निकाय वा अधिकारीले आवश्यकता अनुसार लिखित, मौखिक, टेलिफोन वा अभिलेखमा रहने गरी विद्युतीय माध्यमबाट समेत सूचना दिन सक्नेछ।

५२. प्रतिनिधि नियुक्त गर्न सक्ने

यस ऐनद्वारा प्रदत्त पीडितका अधिकार उपभोग वा प्रचलन गर्नको लागि पीडितले प्रचलित कानून बमोजिम आफ्नो प्रतिनिधि वा वारेस नियुक्त गर्न सक्नेछ र त्यसरी नियुक्त भएकोमा पीडितले त्यस्तो वारेस वा प्रतिनिधि मार्फत निजको अधिकार उपभोग वा प्रचलन गरेको मानिनेछ।

५३. नियम बनाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले समितिसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ।

५४. निर्देशिका बनाउन सक्ने

यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक निर्देशिका बनाउन सक्नेछ।

महिला, कानुन र विकास मञ्च (FWLD)
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३
फ्याक्स : ४२४०६२७
इमेल : fwld2013@gmail.com
Website : www.fwld.org
Yutube: youtube.com/fwldofficial